क. अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकारः अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आ≈वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) दफा १२ को खण्ड ङ. बमोजिम वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

ख. उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारः उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने।

ग. वडा अध्यक्षको काम, कर्तव्य र अधिकारः वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

(२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,

(३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि नगरपालिकामा पेश गर्ने,

(४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,

(५) दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,

(६) सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,

(७) कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

घ. कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकारः कार्यपालिकाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(१) कार्यपालिकाको बैठकमा भाग लिने,
(२) अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको कार्य गर्ने,
(३) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,
(४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।
१७. बैठक र निर्णयः (१) कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।
(२) कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।
(३) कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।
(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ ।
(५) कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुनेछ ।
१८. अधिकार प्रत्यायोजनः (१) कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समितिका सदस्य, आफू अन्तर्गतका समिति, उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) वडा समिति वा वडा अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**रत्ननगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको**
**कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण**

| क.स. | कर्मचारीको नामथर | मोबाइल नं. | पद | सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | **श्री प्रकाश खनाल** | **9855014111** | **प्रमुख प्रशासकीय अधिकृत** | **स्थायी** |
| | | **शिक्षा शाखा** | | |
| १ | **श्री नारायण प्रसाद वाग्ले** | **9847631703** | **अधिकृत दशौं** | **स्थायी** |
| २ | श्री रविना देउजा | **9841104705** | अधिकृत सातौं | स्थायी |
| ३ | श्री निता पोखरेल कट्टेल | ९८४५२४८९११ | सहायक विद्यालय निरीक्षक | स्थायी |
| ४ | श्री अम्बिका गौतम लम्साल | 9845155811 | सहायक कम्प्यूटर अपरेटर | करार |
| | | **महिला वालवालिका तथा जे.ना. शाखा** | | |
| १ | **श्री दिपा घिमिरे शर्मा** | **9845085380** | **म.वि.अ.आठौं** | **स्थायी** |
| २ | श्री नानीमाया पौडेल | ९८४५१२१४६६ | अधिकृत छैठौं | स्थायी |
| ३ | श्री टिका रेग्मी | ९८६३८१५३४५ | म.वि.नि. पाचौं | स्थायी |
| | | **आर्थिक प्रशासन शाखा** | | |
| १ | **श्री प्रदिप पौडेल** | **9856044148** | **अधिकृत सातौं** | **स्थायी** |

| | | | | |
|---|---|---|---|---|
| २ | श्री खडानन्द घिमिरे | 9845050112 | अधिकृत छैठौं | स्थायी |
| ३ | श्री सन्जिव रेग्मी | 9841990216 | वरिष्ठ सहायक लेखापाल | स्थायी |
| ४ | श्री राकेश नेपाली | 9865009355 | कार्यालय सहयोगी | करार |
| | | **कृषि बिकास शाखा** | | |
| १ | **श्री प्रवीन लामा** | **9845817013** | **व.कृ.वि.अ.आठौं** | **स्थायी** |
| २ | श्री संयोग पौडेल | ९८६५०४१७१० | कृषि अधिकृत | करार |
| ३ | श्री सुदिप भट्टराई | 9847691832 | प्रा.स.पाँचौं | स्थायी |
| ४ | श्री अंकित लुइटेल | 9845730849 | प्रा.स.पाँचौं | स्थायी |
| ५ | श्री बासुदेव खनाल | 9848084826 | प्रा.स.पाँचौं | स्थायी |
| | | **स्वास्थ्य शाखा** | | |
| १ | **श्री माधव प्र. पौडेल** | **9855052551** | **ज.स्वा.अ.सातौं** | **स्थायी** |
| २ | श्री सुनिता सापकोटा | ९८४५६५५८५० | ज.स्वा.निरिक्षक | करार |
| ३ | श्री बासुदेव सापकोटा | 9855046327 | सि.अ.हे.व छैठौं | स्थायी |
| ४ | श्री अम्बिका पौडेल | 9845114026 | सि.अ.न.अ. छैठौं | स्थायी |
| ५ | श्री छविलाल राउत मली | 9845182741 | कार्यालय सहयोगी | करार |
| | | **कर्मचारी प्रसाशन शाखा** | | |
| १ | **श्री सविता अर्याल** | **९८५५०९२२०२** | **वरिष्ठ अधिकृत आठौं** | **स्थायी** |
| २ | श्री रमा माया रेग्मी | 9846583852 | अधिकृत छैठौं | स्थायी |
| ३ | श्री सन्तोष कोइराला | 9855060083 | कम्प्यूटर अपरेटर | करार |
| ४ | श्री आशा देवी गौतम | 9845154494 | कार्यालय सहयोगी/नगर उप प्रमुख.प्र.प्र.अ | स्थायी |
| ५ | श्री सम्सेर ब. कुमाल | 9845271833 | कार्यालय सहयोगी/ नगर प्रमुख | स्थायी |
| ६ | श्री भिमबहादुर लामा | 9869892652 | कार्यालय सहयोगी | करार |
| ७ | श्री रोहन मली | 9819281787 | कार्यालय सहयोगी | **करार** |
| | | **सहकारी,उधोग,पर्यटन शाखा** | | |
| १ | **श्री अर्जुन पगेनी** | **9845056823** | **अधिकृत छैठौं** | **स्थायी** |
| २ | श्री उर्मीला तामाङ दाहाल | 9845350559 | अधिकृत छैठौं | स्थायी |
| | | **भुमि व्यवस्थापन तथा नियमन उपशाखा** | | |
| १ | **श्री प्रकाशचन्द्र ढुङ्गाना** | **9855081629** | **इन्जिनियर छैंठौं** | **स्थायी** |
| २ | श्री मोहन प्र. तिमिल्सीना | 9855060514 | सव.ईन्जिनियर | स्थायी |
| ३ | श्री सुकुमाया श्रीमल | 9845471500 | सव ईन्जिनियर पाचौं | स्थायी |
| ४ | श्री खिम बहादुर के.सी. | 9849173435 | सर्वेक्षक | करार |

| | | | | |
|---|---|---|---|---|
| ५ | श्री कृष्ण बहादुर मगर | 9855053277 | अमिन चौथो | करार |
| ६ | श्री विजय बस्नेत | 9845049500 | साईट सुपरभाईजर | करार |
| ७ | श्री हरिवंश अधिकारी | 9845120603 | कार्यालय सहयोगी | स्थायी |
| ८ | श्री बिरजन सिं तमाङ्ग | 9865202068 | कार्यालय सहयोगी | करार |
| | | **पशुपंक्षि बिकास शाखा** | | |
| १ | **श्री डा. अनुष्का राजभण्डारी** | **9867013078** | **पशु चिकित्सक, अधिकृत आठौं** | **स्थायी** |
| २ | श्री लसता श्रेष्ठ | ९८१७२३९०४० | पशु चिकित्सक | करार |
| ३ | श्री सुन्दर बस्नेत | 9864000003 | ना.प्र.से.प्रा.पाँचौं | **स्थायी** |
| ४ | श्री हरिलाल डाँगी | ९८४७८९२१११ | ना.प्र.से.प्रा. चौथो | **स्थायी** |
| | | **राजस्व शाखा** | | |
| १ | **श्री दिनेश चौधरी** | **९८६१५७८९७५** | **अधिकृत सातौं** | **स्थायी** |
| २ | श्री देवानन्द शर्मा | 9855050002 | वरिष्ठ सहायक पाँचौं | स्थायी |
| ३ | श्री यूवराज काफ्ले | 9845431121 | सहायक चौथो | करार |
| | | **आ.ले.प. शाखा** | | |
| १ | **श्री राजेश गुरुङ्ग** | **9845023214** | **अधिकृत छैठौं** | **स्थायी** |
| २ | श्री अशोक भुषाल | 9745389526 | सहायक कम्प्यूटर अपरेटर | करार |
| | | **योजना तथा अनुगमन शाखा** | | |
| १ | **श्री रमेश लाल ताम्राकार** | **९८५५०८२३१६** | **अधिकृत छैठौं** | **स्थायी** |
| २ | श्री अनिषा पाण्डे | 9845026803 | सहायक चौथो | करार |
| ३ | श्री रुद्र प्रसाद आचार्य | 9845111904 | सहायक चौथो | करार |
| | | **पुर्वाधार बिकास शाखा** | | |
| १ | **श्री शंकर बहादुर कुँवर** | **9855052859** | **प्राविधिक अधिकृत छैठौं** | **स्थायी** |
| २ | श्री नमेश गुरुङ्ग | 9845633495 | ईन्जिनियर छैठौं | करार |
| ३ | श्री पंकज गिरी | 9841650056 | ईन्जिनियर छैठौं | करार |
| ४ | श्री रन्जित महतो | 9845928290 | सव ईन्जिनियर पाचौं | स्थायी |
| ५ | श्री सविता क्षेत्री श्रेष्ठ | 9865025866 | सव ईन्जिनियर पाचौं | स्थायी |
| ६ | श्री सविता शाही | 9849059145 | सव ईन्जिनियर पाचौं | स्थायी |
| ७ | श्री सन्देश थापा | | सब इन्जिनियर पाँचौ | स्थायी |
| ८ | श्री जगदीश राउत डोम | 9845484338 | कार्यालय सहयोगी | करार |
| | | **बन वातावरण उपशाखा** | | |
| १ | **श्री विश्वास श्रेष्ठ** | **9845140124** | **कम्प्यूटर अपरेटर** | **करार** |
| २ | श्री पार्वती पराजुली | 9849056579 | वित्तिय साक्षरताकर्ता | करार |

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री पार्वती न्यौपाने दुवाडी | ९८४५५८६६२७ | मनोसामाजिक परामर्शकर्ता | करार |
| ४ | श्री राजेश शर्मा | ९८५५०३५७७४ | रेन्जर | करार |
| | | **सूचना प्रविधि उपशाखा** | | |
| **१** | **श्री सुजन अर्याल** | **९८४५२२१२२२** | **सूचना प्रविधि अधिकृत** | **करार** |
| | | **कानुन तथा न्याय प्रवर्दन शाखा** | | |
| १ | **श्री देव प्रसाद पौडेल** | **9845407927** | **अधिकृत छैठौं** | **स्थायी** |

| | | | | |
|---|---|---|---|---|
| | | **जिन्सी शाखा** | | |
| १ | **श्री डिम्मेश्वरी पौडेल** | **9845108522** | **सहायक पाचौं** | **स्थायी** |
| २ | श्री अमृता चौधरी | 9807289196 | सहायक चौथो | करार |
| ३ | श्री रामकुमार सिङताङ | 9845591111 | कार्यालय सहयोगी | स्थायी |
| | | **सामाजिक सुरक्षा तथा पंजिकरण शाखा** | | |
| १ | **श्री राम प्र.वस्ताकोटी** | **9841651208** | **सहायक पाँचौं** | **स्थायी** |
| २ | श्री सरस्वती शर्मा | 9847645683 | उद्यम विकास सहजकर्ता | करार |
| ३ | श्री सृजना क्षेत्री | 9845564100 | उद्यम विकास सहजकर्ता | करार |
| | | **नगर प्रहरी** | | |
| १ | **श्री सुदिप घिमिरे** | **9865008262** | **नगर प्रहरी सहायक निरीक्षक** | **करार** |
| २ | श्री क्षेत्र बहादुर गुरुङ्ग | 9845142289 | नगर प्रहरी हवल्दार | करार |
| ३ | श्री डोलनाथ घिमिरे | 9845391286 | नगर प्रहरी हवल्दार | करार |
| ४ | श्री लोकबहादुर वि.क. | 9841870217 | नगर प्रहरी हवल्दार | करार |
| ५ | श्री यमनारायण महतो | 9855090616 | नगर प्रहरी सहायक हवल्दार | करार |
| ६ | श्री रोशन चौधरी | 9807281882 | नगर प्रहरी जवान | करार |
| ७ | श्री खम्वबहादुर बस्नेत | 9865258671 | नगर प्रहरी जवान | करार |
| ८ | श्री कुमार पौडेल | 9845273240 | नगर प्रहरी जवान | करार |
| ९ | श्री विशाल वि.क. | 9821877995 | नगर पर्यटन प्रहरी जवान | करार |
| १० | श्री मन कुमार महतो | 9865241960 | नगर प्रहरी जवान | करार |
| ११ | श्री वलिराम चौधरी | 9865076343 | नगर प्रहरी जवान | करार |
| १२ | श्री रविन बस्नेत | 9862546230 | नगर प्रहरी जवान | करार |
| १३ | श्री सुशिल चौधरी 'क' | 9762563601 | नगर प्रहरी जवान | करार |
| १४ | श्री सुशिल चौधरी 'ख' | 9804222383 | नगर प्रहरी जवान | करार |
| १५ | श्री अन्जना कुमाल | 9863432670 | नगर प्रहरी जवान | करार |
| १६ | श्री विमला उप्रेती | 9769218981 | नगर प्रहरी जवान | करार |
| १७ | श्री पुनम महतो | 9816228141 | नगर प्रहरी जवान | करार |
| | | **सवारी चालक** | | |

| | | | | |
|---|---|---|---|---|
| १ | श्री राजेन्द्र कुमार श्रेष्ठ | 9855080181 | सवारी चालक | स्थायी |
| २ | श्री सन्तोष घिमिरे | 9840136683 | लोडर अपरेटर | करार |
| ३ | श्री उदय ब. भुजेल | 9845048261 | सवारी चालक | करार |
| ४ | श्री कुमार सार्की | 9845771305 | सवारी चालक | करार |
| ५ | श्री सूर्य कुमार महतो | 9807215174 | सवारी चालक | करार |
| ६ | श्री सूर्यबहादुर मुक्तान | 9843910011 | सवारी चालक | करार |
| **ईलेक्ट्रीसियन** | | | | |
| १ | श्री विनोद कुमाल | 9845063382 | ईलेक्ट्रीसियन | स्थायी |
| २ | श्री रामशरण महतो | 9845323696 | ईलेक्ट्रीसियन | करार |
| ३ | श्री सुनिल दुलाल | 9846221899 | ईलेक्ट्रीसियन | करार |
| ४ | श्री दिपेन्द्र जंग थापा | 9845044012 | ईलेक्ट्रीसियन | करार |

**रत्ननगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय रत्ननगर,**
**चितवनको वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र.सं. | वडा नं. | नाम, थर | पद | सम्पर्क नं. | सेवा को प्रकार |
|---|---|---|---|---|---|
| **१** | १ | **श्री महेश सुवेदी** | **वडा सचिव, ब.सहायक पाँचौं** | **९८४५२७४४२४** | **स्थायी** |
| **२** | | श्री अनिता पोखरेल | सहायक कम्प्यूटर अपरेटर | ९८४५२१७८९२ | करार |
| **३** | | श्री मिरा देवकोटा पौडेल | कार्यालय सहयोगी | ९८४५०४३६३२ | करार |
| **१** | २ | **श्री गंगा कुमारी सुवेदी** | **वडा सचिव, ब.सहायक पाचौं** | **९८५४८००८४** | **स्थायी** |
| | | श्री सन्तोष दुवाडी | सहायक कम्प्यूटर अपरेटर | ९८४५३१९९२२ | करार |
| **२** | | श्री सुमना काफ्ले | सब इन्जिनियर पाँचौ | ९८४१८२४२५७ | करार |
| **३** | | श्री मोहन प्रसाद गजुरेल | कार्यालय सहयोगी | ९८५५०७०१७१ | करार |
| **१** | ३ | **श्री प्रदिप खरेल** | **वडा सचिव, ब.सहायक पाचौं** | **९८४५५९०३११** | **स्थायी** |
| **२** | | श्री रोजिना श्रेष्ठ | एम.आई.एस.अपरेटर | 9855080042 | करार |
| **३** | | श्री सुनिता लामा | कार्यालय सहयोगी | ९८२५२१३८२३ | करार |
| **१** | ४ | **श्री पुष्पराज आचार्य** | **वडा सचिव, अधिकृत छैठौं** | **९८५५०६६५८०** | **स्थायी** |
| **२** | | श्री दुर्गा देवी गौतम पराजुली | सहायक कम्प्यूटर अपरेटर | ९८४५२४३१९३ | करार |
| **३** | | श्री चन्द्र बहादुर बि.क. | कार्यालय सहयोगी | ९८४५३२३२२५ | करार |
| **१** | ५ | **श्री दिनेश सुवेदी** | **वडा सचिव, सहायक चौथो** | **९८४५२७३८४७** | **स्थायी** |
| **२** | | श्री सुजित काफ्ले | सहायक कम्प्यूटर अपरेटर | ९८४५५२२९१० | करार |
| **३** | | श्री रञ्जना काफ्ले | कार्यालय सहयोगी | ९८६५२०६७८८ | करार |
| **१** | ६ | **श्री पदमराज सापकोटा** | **वडा सचिव, अधिकृत छैठौं** | **९८४५०४३३१८** | **स्थायी** |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | श्री राजु सुवेदी | सहायक कम्प्युटर अपरेटर | ९८६६३८१०९१ | करार |
| ३ | | श्री प्रदिप चेपाङ्ग | अ. सब. इन्जिनियर | ९८४०२७४६६७ | करार |
| ३ | | श्री छत्रनाथ शर्मा | कार्यालय सहयोगी | ९८४५०७३५९९ | करार |
| १ | ७ | **श्री केशव राज शर्मा** | **वडा सचिव, अधिकृत छैठौं** | **9855037002** | **स्थायी** |
| २ | | श्री मिना धिताल | सहायक कम्प्युटर अपरेटर | ९८४१८६२६३४ | करार |
| ३ | | श्री सन्जय माझी | कार्यालय सहयोगी | ९८२५२३६१४३ | करार |
| १ | ८ | **श्री रुपबहादुर पण्डीत क्षेत्री** | **वडा सचिव, अधिकृत छैठौं** | **९८४५०४३६३२** | **स्थायी** |
| २ | | श्री रोजी चौधरी | सहायक कम्प्युटर अपरेटर | ९८०७२४०४६५ | करार |
| ३ | | श्री भेषराज काफ्ले | कार्यालय सहयोगी | ९८४५१४६९४९ | करार |
| १ | ९ | **श्री सूर्य प्रसाद ढुङ्गाना** | **वडा सचिव,सहायक पाँचौं** | **9855062594** | **स्थायी** |
| २ | | श्री दिवस घिमिरे | सहायक कम्प्युटर अपरेटर | ९८४५१७३६९० | करार |
| ३ | | श्री मञ्जु आचार्य | कार्यालय सहयोगी | ९८४५५४६२१८ | करार |
| १ | १० | **श्री सुरेन्द्र चौधरी** | **वडा सचिव, अधिकृत छैठौं** | **९८५५०६०५०८** | **स्थायी** |
| २ | | श्री सुमन गोपाली | सब इन्जिनियर पाँचौ | ९८१८८२७५८३ | करार |
| ३ | | श्री सुमन चौधरी | सहायक कम्प्युटर अपरेटर | ९८४५३६८९३४ | करार |
| ४ | | श्री तारा पन्त | कार्यालय सहयोगी | ९८४५९०८२९४ | करार |
| १ | ११ | **श्री प्रमिला शर्मा** | **वडा सचिव, अधिकृत छैठौं** | **९८४१९१४६०४** | **स्थायी** |
| २ | | श्री प्रदिप वाग्ले | सहायक कम्प्युटर अपरेटर | **९८६५८८९४२४** | **करार** |
| ३ | | श्री मिन कुमारी गुरुङ्ग | कार्यालय सहयोगी | 9845645187 | करार |
| १ | १२ | **श्री शंकर बहादुर गिरी** | **वडा सचिव, अधिकृत छैठौं** | **९८५५०६२६२९** | **स्थायी** |
| २ | | श्री प्रविण पौडेल | सहायक कम्प्युटर अपरेटर | 9867883679 | करार |
| १ | १३ | **श्री लिलानाथ अर्याल** | **वडा सचिव, सहायक पाचौं** | **९८४५०४४२८०** | **स्थायी** |
| २ | | श्री अनिल अर्याल | अ. सब इन्जिनियर चौथो | ९८४५९२६५२४ | करार |
| ३ | | श्री अस्मिता लामिछाने | सहायक कम्प्युटर अपरेटर | ९८५१२२७४७७ | करार |
| ४ | | श्री राजेन्द्र महतो | कार्यालय सहयोगी | ९८४५१०९६४९ | स्थायी |
| १ | १४ | **श्री वासुदेव रिजाल** | **वडा सचिव, अधिकृत छैठौं** | **९८५५०६२३५५** | **स्थायी** |
| २ | | श्री करुणा विष्ट | सहायक कम्प्युटर अपरेटर | ९८४८०३१५०७ | करार |
| ३ | | श्री संदेश तिमिल्सिना | कार्यालय सहयोगी | ९८४५९०२८४२ | करार |
| १ | १५ | **श्री नवराज तिवारी** | **वडा सचिव, सहायक पाँचौं** | **९८५५०५५१७७** | **स्थायी** |
| २ | | श्री शक्तिराज बुढाथोकी | सहायक कम्प्युटर अपरेटर | ९८४३६०५०८३ | करार |
| ३ | | श्री आशिष भण्डारी | अ. सब इन्जिनिर | ९८६७५५१०९१ | करार |
| ४ | | श्री हिरा ढकाल | कार्यालय सहयोगी | ९८४५५२२७९० | करार |
| १ | १६ | **श्री मन्जु पौडेल** | **वडा सचिव, अधिकृत छैठौं** | ९८४८०९४६९६ | **स्थायी** |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | | श्री उज्जवल देवकोटा | सहायक कम्प्यूटर अपरेटर | ९८४५८५६१४८ | करार |

**रत्ननगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको**
**वडागत स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको विवरण**

| **क्र.स.** | **कर्मचारीको नाम** | **पद** | **मोबाइल नं.** | **कार्यरत संस्थाको नाम** | **सेवाको प्रकार** |
|---|---|---|---|---|---|
| १ | **श्री सन्सिला बस्नेत** | **सि.अ.न.मी पाँचौं** | 9840431245 | **मातृशिशू स्याहार तथा खोपकेन्द्र वडा नं १** | स्थायी |
| २ | **श्री निर्दोशी घिमिरे** | सि.अ.न.मि.नि. छैठौं | 9845049277 | **आ.स्वा.के. वडा नं. ३** | स्थायी |
| ३ | श्री विमला अधिकारी | कार्यालय सहयोगी | 9845480081 | | करार |
| ४ | **श्री निर्मला गैरे** | ज.स्वा.नि. छैठौ | 9804260824 | **आ.स्वा.के. वडा नं. ४** | स्थायी |
| ५ | श्री नविता पोखेल | अ.न.मी. चौथो | 9847086271 | | करार |
| ६ | श्री रमिया चौधरी | कार्यालय सहयोगी | 9860507092 | | करार |
| ७ | **श्री गोविन्द प्रसाद शर्मा** | सि.अ.हे.ब.अ.(छैठौं) | 9857630823 | **टरौली नगर स्वा.के. वडा नं. ५** | स्थायी |
| ८ | श्री अनिता ढकाल | सि.अ.न.मी.पाचौं | 9845200957 | | स्थायी |
| ९ | श्री लिरिश्मा चौधरी | ल्याव असिस्टेन्ट | 9845110269 | | करार |
| १० | श्री अनिता तिवारी | कार्यालय सहयोगी | 9845616274 | | करार |
| ११ | **श्री केशवबाबु पौडेल** | सि.अ.हे.ब.अ.(छैठौं) | 9845049662 | **बछौली स्वास्थ्य चौकी वडा नं ६** | स्थायी |
| १२ | श्री अम्बिका रिजाल खनाल | सि.अ.न.मि. पाचौं | 9845102127 | | स्थायी |
| १३ | श्री अन्जना अर्याल | सि.अ.हे.ब. पाचौ | 9845948977 | | स्थायी |
| १४ | श्री लिला थापा | सि.अ.हे.ब. पाचौ | 9845563731 | | स्थायी |
| १५ | श्री सरोज देवकोटा | ल्या.अ. चौथो | 9846121366 | | करार |
| १६ | श्री मन्जु कुमारी चौधरी | कार्यालय सहयोगी | 9865020203 | | करार |
| **१७** | **श्री सन्तोष कुमार राय** | **ज.स्वा.नि.छैठौं** | **9843124640** | आ.स्वा.के वडा नं. 7 | **स्थायी** |
| १८ | श्री मनिता कार्की | सि.अ.न.मि. पाँचौं | 9845239429 | | स्थायी |
| १९ | श्री खुमादेवी भट्टराई | कार्यालय सहयोगी | 9845344071 | | करार |
| २१ | **उषा परियार** | **सि अ.न.मी. पाँचौ** | | नगकटिया आ.स्वा. से.केन्द्र वडा नं. ८ | **स्थायी** |
| २० | **श्री जुरमतिया महतो** | **अ.हे.ब. चौथो** | **9845522465** | | **करार** |
| २१ | श्री माया कुमारी लामा | कार्यालय सहयोगी | 9845346355 | | करार |
| २२ | **श्री विदुर वास्तकोटी** | सि.अ.हे.ब.अ.(छैठौं) | 9855081844 | **आ.स्वा. के वडा नं. ९** | स्थायी |
| २३ | श्री बुधन महतो | का.स. | ९८४५४४५९६३ | | स्थायी |
| २४ | **श्री सुरज गुरुङ्ग** | **ज.स्वा.नि. छैठौ** | **9866315513** | **आ.स्वा.के वडा नं १०** | स्थायी |
| २५ | श्री निशा खरेल | सि.अ.न.मी.अ.(छैठौं ) | 9848445698 | | स्थायी |
| २६ | श्री सुशिला शर्मा | अ.न.मि.(चौथो) | 9847634397 | | स्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | श्री शोभा दुवाडी | कार्यालय सहयोगी | 9845243688 | | करार |
| २८ | **श्री दुर्गा श्रेष्ठ** | **अ.हे.ब. चौथो** | **9845196436** | जिरौना नगर स्वा.के. वडा नं ११ | करार |
| २९ | श्री सुष्मिता श्रेष्ठ | अ.न.मी. चौथो | 9841590837 | | करार |
| ३० | श्री राम प्रसाद रिजाल | कार्यालय सहयोगी | 9845173440 | | करार |
| ३१ | **श्री रुपमती आले** | **अस्पताल नर्स निरिक्षक** | **9861193794** | आ.स्वा.के. वडा नं. १२ | स्थायी |
| ३२ | श्री संजय मर्दनिया | अ.हे.ब. चौथो | 9867821577 | | करार |
| ३३ | **श्री नवराज पौडेल** | **सि.अ.हे.ब.अ.(छैठौं)** | **9855052249** | पंचकन्या स्वास्थ्य चौकी वडा नं १३ | स्थायी |
| ३४ | श्री रुकमाया देवी शर्मा | सि.अ.न.मी.नि. छैठौं | 9847710903 | | स्थायी |
| ३५ | श्री कंचन घिमिरे | ज.स्वा.नि. छैठौं | 9860494835 | | स्थायी |
| ३६ | श्री भगवति श्रेष्ठ | सि.अ.न.मि. पाचौं | 9845581900 | | स्थायी |
| ३७ | श्री चन्द्रकला त्रिपाठी | कार्यालय सहयोगी | 9865236054 | | करार |
| ३८ | श्री सफल पौडेल | ज.स्वा.नि. छैठौं | 9845320306 | डूम्रीचोक नगर स्वा.के. वडा नं १४ | स्थायी |
| ३९ | **श्री भेष कुमारी न्यौपाने** | सि.अ.हे.ब.पाँचौं | 9845520844 | | स्थायी |
| ४० | श्री दिया भट्टराई | अ.न.मी चौथो | 9845146407 | | स्थायी |
| ४१ | श्री यम माया बोहरा श्रेष्ठ | कार्यालय सहयोगी | 9844766242 | | करार |
| ४२ | **श्री रोजिना गिरी** | सि.अ.न.मि.(पाँचौं) | 9845958359 | आ.स्वा.के. वडा नं. १५ | स्थायी |
| ४३ | श्री मिना कुँवर | अ.हे.ब. चौथो | 9845086850 | | करार |
| ४४ | श्री कामना अधिकारी | कार्यालय सहयोगी | 9845055167 | | करार |
| ४५ | **श्री नरहरी श्याम शर्मा** | **सि.अ.हे.ब.अ.(छैठौं)** | **9855054997** | पिठूवा स्वास्थ्य चौकी वडा नं. १६ | स्थायी |
| ४६ | श्री रोशन श्रेष्ठ | ज.स्वा.नि. छैठौं | 9860325860 | | स्थायी |
| ४७ | श्री गिता कुमारी घिमिरे रायमाझी | सि.अ.न.मी.छैठौं | 9845043310 | | स्थायी |
| ४८ | श्री वन्दना घिमिरे | अ.हे.ब. चौथो | 9865187053 | | करार |
| ४९ | श्री कविता ढकाल | ल्या.अ. चौथो | 9845322499 | | करार |

ब्लड बैंक रनपा २ मा कार्यरत कर्मचारिहरुको विवरण

| **क्र.स.** | **कर्मचारीको नाम** | **पद** | **मोबाइल नं.** | **कार्यरत संस्थाको नाम** | **सेवाको प्रकार** |
|---|---|---|---|---|---|
| १ | नबिना तिमिल्सिना | ल्याब टेक्निसियन | ९८६३६५०३३७ | रक्त संचार केन्द्र रनपा २ | करार |
| २ | अस्मिता चालिसे | ल्याब टेक्निसियन | ९८६२५४७८१८ | | करार |
| ३ | सुजिता गौतम | ल्याब टेक्निसियन | ९८६९८९२५०७ | | करार |
| ४ | इसारा श्रेष्ठ | ल्याब टेक्निसियन | ९८४५०३९३७९ | | करार |

## पशु सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण

| **क्र.सं.** | **कर्मचारीको नाम** | **मेवाईल नं.** | **तह/श्रेणी** | **कार्यरत संस्था** | **सेवाको प्रकार** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **श्री सीता पौडेल अर्याल** | **9845026701** | **प.से.प्रा. पाचौं** | पशु विकास शाखा/पशु हाट बजार र.न.पा-९ | स्थायी |
| २ | श्री शान्ता घिमिरे | ९८४५३५०६०९ | कार्यालय सहयोगी | | करार |
| ३ | **श्री गोविन्द प्रसाद ढकाल** | **9845108626** | **अधिकृत छैठौं** | बैरिया सेवा केन्द्र र.न.पा १० | **स्थायी** |
| ४ | श्री गोविन्द प्र. लम्साल | 9845396209 | प्र.से.प्रा.पाँचौ | | स्थायी |
| ५ | **श्री लक्ष्मी श्रेष्ठ** | **9864963937** | **प.स्वा.प्रा. सहायक पाँचौ** | झुवानी सेवा केन्द्र र.न.पा ५ | **स्थायी** |

**बिपन्न उपचार कोष ब.र.अस्पतालमा कार्यरत कर्मचारिको नामाबली**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बिशाल सिलवाल | हे.अ. | करार | बिपन्न उपचार कोष ब.र.अ. | ९८६५००८१८१ |

**शाखा/उपशाखा /एकाइगत कार्य विवरण**

१. प्रमुख प्रशासकीय अधिकृत,शाखा /उपशाखागत कार्य विवरण

**प्रमुख प्रशासकीय अधिकृतको कार्य विवरण**

१. नगरपालिकाको सचिवको रुपमा स्थानीय सरकार संचालनको ऐनमा उल्लेख भएका कार्यहरु गर्ने/गराउने।

२. आफुमा रहेको अधिकार जिम्मेवारी नियम अनुसार शाखा वा अन्य अधिकृत वा अन्य सम्बद्ध कर्मचारीलाई जिम्मा दिई कार्यान्वयन गर्ने ।

३. नगर स्तरीय कार्यक्रममा उल्लेख भएका विकास निर्माण र सेवा प्रवाहमा एकरुपता हुने गरी समन्वय र सहजीकरण गर्ने ।

४. शाखा, उपशाखा, इकाई, वडा सचिवहरु र अन्य कर्मचारीको कार्य नियमन गर्ने । समन्वय, मूल्याङ्कन, पदस्थापन र नियन्त्रण गर्ने गराउने ।

५. नगर स्तरमा संचालन भएका हुने सरकारी, निजी वा गैससका जनसरोकार कार्यक्रममा समन्वय, सुपरिवेक्षण, मूल्याङ्कन र समीक्षा गर्ने ।

६. लक्षित काममा भएका कमि कमजोरी सुधार्न निर्देशन र प्रोत्साहन गर्ने ।

७. संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय आदिबाट दिइने जिम्मेवारी एंव कामहरु गर्ने गराउने ।

८. नगरपालिकाक्षेत्रमा भैपरि आउने आकस्मिक विपद व्यवस्थापन गर्न सम्बद्ध निकायसंग समन्वय गर्ने ।

९. विकास र सेवाका कार्यक्रमलाई समावेशी नीति अनुसार व्यवहारिक कार्य योजना बनाउने ।

१०. वडा स्तर देखि नगरसम्म सुशासनको अनुभूति हुने वातावरण बनाउन सक्रिय पहल गर्ने ।

११. नगरपालिकाको श्रोत साधन पहिचान, प्रवर्धन, संकलन, उपयोग, पारदर्शिता, र गुणस्तरीयता कायम गर्ने वातावरण बनाउन भूमिका निर्वाह गर्ने ।

१२. कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्न सुपरिवेक्षक तोक्ने र सो को आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने ।

१३. अन्तरराष्ट्रिय सम्बन्धको काम गर्ने अधिकृत, नोडल अधिकृत र नगरपालिकाको प्रवक्ता तोक्ने ।

१४. संघीय सरकार, प्रदेश सरकार, नगर सभा, नगरपालिका वोर्डबाट प्राप्त निर्देशन वा निर्णयहरूको नगरपालिकाको कार्य योजना अनुसार कार्यान्वयन गर्ने र सूचना प्रवाह गर्ने ।

१५. नगरपालिकाको वृहत्तर हित र चौतर्फी विकासमा प्रत्यक्ष टेवा पुग्ने दृष्टिले राष्ट्रिय र अन्तरराष्ट्रिय नगरहरुसंग भगिनि सम्बन्ध जोड्ने, भगिनी सम्बन्धका लागि प्रस्ताव गरिने वा भएका नगरहरुसंग सम्बन्ध जोड्ने र सम्बन्धबाट टेवा पुग्ने आपसी सहयोग, साझेदारीका क्षेत्र स्पष्ट पहिल्याउने ।

१६. राष्ट्रिय अन्तराष्ट्रिय सस्था सञ्जालहरुको कायम सदस्यताहरु नविकरण गर्ने । सदस्यता निरन्तरताको पुनरावलोकन गर्ने र भविष्यमा नगरपालिकाको हित पोषण हुने संस्था पहिचान गरी सदस्यता लिने तर्फ उन्मुख रहने ।

१७. पर्यटन प्रवर्धनका लागि विदेशी संघ, संस्था, नगरका डेलिगेसन एंव नगरपालिकाले सम्मान दिनुपर्ने उच्च पदस्थ पदाधिकारीहरुको भ्रमण कार्यक्रम मिलाउने, स्वागत गर्ने ।

१८. शाखा प्रमुख वा सम्बन्धित अधिकृतलाई कार्य जिम्मेवारी दिई अधिकार प्रत्यायोजन गर्ने ।

१९. प्रचलित ऐन, नियम, निर्देशन र नीतिले अख्तियार गरेका अन्य काम गर्ने ।

**(१) प्रशासन शाखा**

१. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन गर्ने ।
२. सङ्गठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन गर्ने । क्षमता विकास र कर्मचारीको वृत्ति विकास सम्बन्धी कार्य गर्ने ।
३. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिताको व्यवस्थापन गर्ने ।
४. वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण गर्ने ।
५. नगर कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा मापदण्डको मस्यौदा गर्ने ।
६. सार्वजनिक खरिद तथा नगरको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन गर्ने ।
७. सबै शाखासँग समन्वय गरी बार्षिक खरिद योजना तयारी गर्ने ।
८. नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने ।
९. नगरसभा तथा नगरकार्यपालिकाको सचिवालय व्यवस्थापन गर्ने । बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धी कार्य गर्ने ।
१०. भगिनी सम्बन्ध, वैदेशिक सम्पर्क, समन्वय सम्बन्धी कार्य गर्ने ।
११. विकास आयोजना तथा परियोजनाको अनुगमन र नियमन गर्ने ।
१२. कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन गर्ने ।
१३. आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन गर्ने । अनुगमन र नियन्त्रण गर्ने ।
१४. आवश्यक बजेट प्रस्ताव गरी सम्बन्धित शाखामा पठाउने ।
१५. सार्वजनिक सेवा प्रवाहमा निरन्तर सुधार सम्बन्धी कार्यहरु गर्ने ।
१६. आफ्नो शाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु तथा नगरले गरेका दीर्घकालीन महत्वका सबै सम्झौताहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने ।
१७. स्थानीय उत्सव, जात्रा आदिको व्यवस्थापन तथा उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अभिलेख राख्ने ।
१८. स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

**(१.१) कर्मचारी प्रसाशन तथा जनशक्ती विकास उपशाखा**

१. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।

२. संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजित भएका कर्मचारीको व्यवस्थापन गर्ने ।

३. नगरपालिका र अन्तर्गत कार्यालयहरूमा कर्मचारीहरूको नियुक्ति, पदस्थापना, सरुवा, बढुवा र अनिवार्य अवकाश सम्बन्धी, स्वीकृत दरवन्दी अनुसार नयाँ नियुक्ति, वढुवा, पदस्थापना, अवकाश सम्वन्धी अभिलेखहरु अवधिक, व्यवस्थित तथा सुरक्षित रुपमा राख्ने ।

४. नगरपालिका र अन्तर्गतका कर्मचारीहरूको कर्मचारीको कार्यविवरण तयार र आवश्यकता अनुसार परिमार्जन समेत गरी अद्यावधिक राख्ने ।

५. स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण सम्बन्धी कार्य योजना बनाउने ।

६. सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने ।

७. कर्मचारीको सुविधा सम्बन्धी (निवृत्तीभरण, उपदान, औषधि उपचार, संचयकोष आदि), अभिलेख अवधिक गर्ने कार्य गर्ने ।

८. रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने कार्य गर्ने ।

९. वडा कार्यालयहरूको कार्यसम्पादनको समग्र व्यवस्था मिलाउने ।

१०. नगर सभा, कार्यपालिका तथा सम्बन्धित समिति/उपसमितिका विभिन्न वैठकहरुको व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने ।

११. नगर सभा वैठकहरुको कार्यसूची निर्धारण र सूचना सम्बन्धी कार्य गर्ने ।

१२. कार्यपालिकाको वैठकहरुको उपयुक्त व्यवस्थापन गर्ने । निर्णय प्रमाणिकरण, बैठकका निर्णय कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा निकायहरूलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाको सुरक्षा गर्ने ।

१३. नगर सभाको प्रबन्ध मिलाउने ।

१४. नगर प्रहरीको नियन्त्रण र परिचालन गर्ने ।

१५. निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुको अभिलेख व्यवस्थित गर्ने ।

१६. विभिन्न नगरपालिका संगको भगिनी सम्बन्ध सम्बन्धी काम गर्ने ।

१७. विदेशी बिशिष्ट पाहुनाहरूको आतिथ्य तथा शिष्टाचार सम्बन्धी कार्य गर्ने ।

१८. कार्यालय र अन्तर्गत ईकाइहरूको सुरक्षा, पालोपहरा, सरसफाई व्यवस्था गर्ने ।

१९. सार्वजनिक विदा, उत्सव, जात्रा, पर्व, उपाधी तथा विभूषण सम्वन्धी कामहरू गर्ने ।

२०. सम्पूर्ण जिन्सी सामग्री, स्थायी सम्पतिको संरक्षण गर्ने । मर्मत संभार गर्ने ।

२१. खरिद सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने र सो को आम्दानी खर्चको अभिलेख चुस्त, दुरूस्त राख्ने ।

२२. सवारी, उपकरण र औजारको स्याहार सम्भार गर्न लगाउने ।

२३. शाखा अन्तर्गतका उपशाखाहरुको कार्य विवरण र कार्य सम्पादन सूचक तयारी गर्ने । कार्य वातावरणको सिर्जना, कार्य सम्पादनमा सहयोग, अनुगमन, निरीक्षण एवं मूल्याङ्कन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।

२४. उपशाखाबाट भए गरेका कामहरुको मासिक, चौमासिक र बार्षिक रुपमा समीक्षा बैठक राखी छलफल गराउने । मासिक, चौमासिक र बार्षिक प्रतिवेदन समयमानै सम्बन्धित शाखा तथा निकायमा पठाउने ।

२५. शाखा अन्तर्गत रहने उपशाखा, एकाइ तथा वडा कार्यालयहरुको प्रशासकीय नियन्त्रण गर्ने ।

२६. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन शाखामा पठाउने ।

**(१.२) दर्ता चलानी तथा सहायता कक्ष**

१. कार्यालयमा आउने सेवाग्राहीहरुलाई आवश्यक सूचना उपलब्ध गराउने । सेवाग्राहीका समस्या बुझ्ने र आवश्यक सहजिकरण गर्ने ।
२. कार्यालयमा प्राप्त एवं कार्यालयबाट बाहिर पठाउने चिट्ठी पत्रहरुको दर्ता तथा चलानी गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने ।
३. कार्यालयबाट बाहिर पठाउने चिट्ठी पत्रहरु सम्बन्धित स्थान सम्म पुर्याउने ।
४. तोकिएका अन्य कार्य गर्ने ।

**(१.३) जिन्सी खरिद तथा व्यवस्थापन उपशाखा**

१. मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, खरीद योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्ने ।
२. मालसामान, निर्माण कार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विषेशता र कामको आधारमा तयार गर्ने ।
३. जिन्सी सामाग्रीहरूको आम्दानी खर्चको अभिलेख एवं भण्डार संचालन कार्य व्यवस्था मिलाउने ।
४. जिन्सी अभिलेखहरु राख्न लगाउने । जिन्सी सम्बन्धी आम्दानी खर्चको समेत अभिलेख राख्ने ।
५. नगरपालिका कार्यालय संचालनका लागि आवश्यक सामानहरु खरीद सम्वन्धी कार्य गर्ने ।
६. नगरपालिकाको स्थायी सम्पत्तिको अभिलेख राख्ने सम्बन्धी कार्य गर्ने ।
७. सामानहरुको प्राप्ति, अभिलेख, वितरण, खर्च, सुरक्षा सम्बन्धी कार्य गर्ने ।
८. कार्यालयमा रहेका सवारी साधनहरुको दर्ता, इजाजत नवीकरण तथा बिमा सम्बन्धी कार्य गर्ने ।
९. काम नलाग्ने कागजात धुल्याउने सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**(१.४ ) कानुन तथा न्याय उपशाखा**

१. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदा तयारी तथा सम्बन्धित ऐन नियमको मस्यौदा तथा ऐन नियममा सुधार गर्ने एवं विधेयक तर्जुमा सम्बन्धी काममा सहयोग गर्ने ।
२. शाखा तथा अन्तर्गतका निकायहरूले गर्ने नीति, कानून र कार्यविधि निर्माण, परिमार्जन वा संशोधनमा कानूनी परामर्श दिने र स्थानीय राजपत्र प्रकाशन सम्बन्धी काम गर्ने ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) का (ठ) नगरसभा, मेलमिलाप व्यवस्थापन कार्य समन्वय गर्ने ।

४. पदाधिकारीहरुलाई पक्ष वा विपक्ष बनाई विभिन्न तहका अड्डा अदालतहरुमा विचाराधिन (दायर) रहेका मुद्दा र उजुरीहरुको लगत राखी अध्यावधिक अवस्थावारे प्रमुख प्रशासकीय अधिकृत र प्रमुखलाई जानकारी गराउने र परेका रिट, निवेदन र पुनरावेदन सम्बन्धी कार्य गर्ने । नगरपालिकाको तर्फबाट मुद्दा पैरवी गर्ने ।
५. मुद्दाहरुको पुर्पक्ष सम्बन्धी कार्यवाही समयमै गर्ने गराउने व्यवस्था मिलाउने ।
६. चालु मुद्दा मामिलाहरुको रजिष्टर दर्ता गरी कागजातहरु सुरक्षित साथ राख्ने र चल्ती मिसिलहरुको नक्कल सरोकारवाला व्यक्तिले लिन आएमा कानूनी प्रकृया पुर्याई नक्कल दिने व्यवस्था गर्ने ।
७. अदालत वा अन्य निकायहरुबाट प्रमाणको लागि मिसिल माग भई आएमा पंजिका तथा नक्कल बनाई सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । निर्णय कार्यान्वयनसँग सम्बन्धित मुचुल्का प्रमाणित गर्ने गराउने ।
८. नगरपालिकासँग सम्बन्धित ऐन, कानून र मुलुकी अपराध संहिता ऐन, मुलुकी देवानी संहिता ऐन, नेपाल सरकारका राजपत्र तथा प्रदेश सरकारका राजपत्र आदि सुरक्षित साथ राख्ने व्यवस्था मिलाउने ।
९. नगरपालिका पक्ष भएको कुनै मुद्दामा नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने । र नगरपालिकाको कार्यालयहरुबाट माग भए आएको कानुनी विषयमा राय दिने । कानुन बमोजिम प्रयोग र पालन गर्ने गरी मातहतका कर्मचारीलाइ अधिकर प्रत्यायोजन गर्ने ।
१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा व्यवस्था भएको नगरपालिकाको न्यायिक अधिकार सम्वन्धी कार्यहरुको कार्यान्वयनको लागि न्यायिक समितिको सचिवालयलाई माग भएको कानूनी सहयोग गर्ने।
११. पेश भएका उजुरी लिखत जवाफ र अन्य लिखतहरु जाँच गरी रीत पुगेको भए कानुन बमोजिम लाग्ने दस्तुर लिइ दर्ता गर्ने ।
१२. विवादमा प्रमाणको लागि पेश भएका नक्नल कागजलाइ सक्कल सँग भिडाइ ठीक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केही कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहीछाप गराइ राख्ने ।
१३. पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जाँच्ने ।
१४. निर्णयकर्ताको आदेशको आदेशले झिकाउनुपर्ने प्रतिवादी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने ।
१५. विवादका पक्षलाइ तारेख वा पेशी तारेख तोक्ने ।
१६. निर्णयकर्ताको सुनवाइ कक्षसमक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि निर्णयकर्ता समक्ष पेश गर्ने ।
१७. कानुन बमोजिम वारेसनामा लिने सकार गराउने तथा गुज्रेका तारेख थाम्ने निवर्दन लिइ आवश्यक कारवाही गर्ने ।
१८. निर्णयकर्ता समक्ष पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने भर्पाई गर्ने लगायतका कार्यहरु गर्ने ।
१९. आवश्यकतानुसार निर्णयकर्ताको तर्फबाट पत्राचार गर्ने ।
२०. म्याद तामेल गर्ने गराउने तामेल भएका म्यायदको तामेली जाँची रीतपूर्वकको नभए पुन जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको नगरपालिकाले तामर्ल गरिदिनुपर्ने म्याद तामेल गर्ने गराउने ।
२१. जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्यायद जारीगरी तामेल गर्ने गराउने । आफ्नो जिम्मामा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रीतपूर्वक नक्कल दिने ।
२२. अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनुपर्ने भएका मिसिल वा कागजात पठाउने तथा फिर्ता प्रवप्त भएपछि कानुन बमोजिम सुरक्षित जिम्मा लिने ।
२३. पेश भएका निवेदन लगाउतका कागजातमा निर्णयकर्ताबाट आदेश हुनुपर्ने वा निकासा लिनुपर्नेमा निर्णयकर्ता समक्ष पेश गर्ने । निर्णय किताब जिम्मा लिने, निर्णयकर्ताको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भए सो गर्ने ।
२४. नगरपालिकामा दर्ता हुने विवादसँग सम्बन्धित सम्पूर्ण मिसिल लिखत फायलहरुको व्यवस्थापन र संरक्षण गर्ने गराउने ।
२५. नगरपालिकाबाट भएका निर्णयको पुर्णपाठ तयार गर्ने गराउने । निर्णय कार्यन्वयनका लागि तत्काल गर्नुपर्ने आवश्यक काम सम्पन्न गर्ने । निर्णय कार्यायन्वयन समन्वय समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने । निर्णयकर्ताको निर्णय बमोजिम कुनै पक्षसँग जरीवाना वा विगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षबाट जरिवाना बुझाउन बुझी सदर गरी जरिवानाको लगत कट्टा गर्ने ।
२६. मेलमिलाप केन्द्र अनुगमन समितिको सदस्य सचिवको भुमिका निर्वाह गर्ने अधिकार प्रत्यायोजन गर्ने ।
२७. नगरपालिका पक्ष भएको कुनो मुद्दामा नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने । नगरपालिकाको कार्यालयहरुबाट माग भए आएको कानुनी विषयमा राय दिने । कानुन बमोजिम प्रयोग र पालन गर्ने गरी मातहतका कर्मचारीलाइ अधिकर प्रत्यायोजन गर्ने ।
२८. अन्तर समन्वय गर्ने
२९. प्रमुख प्रशासकिय अधिकृतले लगाएका आवश्यक अन्य कार्य गर्ने ।

**(१.५ ) सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा**

१. सामाजिक सुरक्षा सम्बन्धी तत्काल, मध्यकाल र दीर्घकालसम्म गर्नुपर्ने स्थानीय नीति तर्जुमा गर्ने ।

२. व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन र नियमन गर्ने ।

३. वडा कार्यालयबाट व्यक्तिगत घटना (जन्म, मृत्यु, बहुविवाह, बसाइँसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता कार्यहरूको व्यवस्था गर्ने । अनुगमन तथा नियमन गर्ने । व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद), धर्मपुत्र धर्मपुत्री), सामाजिक सुरक्षा सम्बन्धी कार्य, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी गर्ने ।

४. वडा कार्यालयबाट दर्ता भएका व्यक्तिगत घटनाका विवरणहरू नियमित रुपमा प्राप्त गरी अभिलेख राख्ने र अद्यावधिक गर्ने ।

५. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन तयार गर्ने ।

६. ब्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेख अद्यावधिक गर्ने ।

७. ब्यक्तिगत घटना दर्ता सम्बन्धी आवश्यक सूचना फारामहरूको ब्यवस्था गर्ने ।

८. ब्यक्तिगत घटना दर्ता र परिवार लगत सम्बन्धी ऐन, नियम, नीति, निर्देशिका अनुसार आवश्यक कार्ययोजना तयार गर्ने ।

९. मासिक रुपमा घटना दर्ता विवरण, घटना दर्ता फारम र राजस्वको विवरण बुझिलिई सुरक्षित साथ राख्ने र सम्बिन्धत निकायमा पठाउनु पर्ने विवरण समयमै पठाउने ।

१०. ब्यक्तिगत घटना दर्ता कार्यक्रम संचालन गर्ने र सोको प्रतिवेदन गर्ने ।

११. ब्यक्तिगत घटना दर्ताको महत्व र अनिवार्यताको वारेमा प्रचारप्रसार गर्ने ब्यवस्था मिलाउने ।

१२. ब्यक्तिगत घटना दर्तासँग सम्बन्धित आवश्यक तालिम, गोष्ठी, अनुशिक्षण आदि कार्यक्रम संचालन गर्न मानव संशाधन विकास इकाईलाई सहयोग गर्ने।

१३. ब्यक्तिगत घटना सम्बन्धी तथ्याङ्कहरू योजना तर्जुमाका चरणहरूमा प्रयोगमा ल्याउन सहयोग गर्ने ।

१४. असहाय, वृद्ध, एकल महिला, अपाङ्गहरुको अभिलेख नियमित रुपमा अद्यावधिक गर्ने । सहयोगापेक्षी सडक मानव व्यवस्थापन गर्ने । कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य गर्ने । अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गर्ने ।

१५. आर्थिक प्रशासन शाखा तथा सामाजिक विकास शाखासँगको सहकार्यमा सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने ।

१६. सामाजिक सुरक्षा कार्यक्रमको भत्ता समयमा नै वितरण गर्ने कार्यमा आवश्यक सहयोग गर्ने ।

१७. तोकिएको समयमा प्रत्येक आ.व.मा थप हुने वृद्ध, असहाय तथा अपाङ्गको विवरण संकलन गर्ने र परिचयपत्र वितरणको लागि सामाजिक सुरक्षा समितिमा पेश गर्न सहयोग गर्ने । ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य, ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

१८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक नागरिक, एकल महिला, अपांग, अन्य तोकिएका जाति समुदायको छुट्टा छुट्टै विवरण तयार गरी वार्षिक रुपमा संख्यात्मक विवरण तयार गरी प्रकाशित गर्ने व्यवस्था मिलाउने ।

**(१.६ ) नगर प्रहरी**

१. नगरक्षेत्रको सभा समारोह, मेला जात्रा महोत्सव र पर्वहरुमा सुरक्षा गर्ने ।

२. स्थानीय बजार संरक्षण गर्ने । नगर सरसफाइ र सामाजिक अपराध रोकथाम गर्ने ।

३. नगरक्षेत्रमा लागू औषधि, जुवा जस्ता असामाजिक र गैरकानूनी कार्य नियन्त्रण गर्ने र नेपाल प्रहरीलाई सहयोग गर्ने ।

४. सार्वजनिक र ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा संरक्षण र सूरक्षा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

५. विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनर्थापना गर्ने ।

६. छाडा चौपाया नियन्त्रण गर्ने ।

७. नगरमा घटेका घटना र नगरपालिकाले दिएको आदेश बमोजिमका अन्य कार्यहरु गर्ने ।

८. नगरक्षेत्रको सभा समारोह, मेला जात्रा महोत्सव र पर्वहरुमा सुरक्षा गर्ने ।

९. स्थानीय बजार संरक्षण गर्ने । नगर सरसफाइ र सामाजिक अपराध रोकथाम गर्ने ।

१०. नगरक्षेत्रमा लागू औषधि, जुवा जस्ता असामाजिक र गैरकानूनी कार्य नियन्त्रण गर्ने र नेपाल प्रहरीलाई सहयोग गर्ने ।

११. सार्वजनिक र ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा संरक्षण र सूरक्षा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

१२. विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनर्थापनाका कार्यहरू गर्ने ।

१३. छाडा चौपाया नियन्त्रण गर्ने ।

१४. नगरमा घटेका घटना र नगरपालिकाले दिएको आदेश बमोजिमका अन्य कार्यहरु गर्ने ।

१५. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन शाखामा पठाउने ।

**(१.७ ) सूचना प्रविधि उपशाखा**

१. सूचना तथा तथ्याङ्क संकलन, प्रशोधन, संग्रह, अभिलेखन, अध्यावधिक र व्यवस्थापन गर्ने ।

२. स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने ।

३. आधारभतू तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने ।

४. निजी घर र घर परिवारको लगत राख्ने ।

५. व्यत्तिगत धटना तथा पञ्जीकरण तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्ने ।

६. सूचना तथा सञ्चार, प्रविधियुक्त, आधारभतू तथ्याङ्कको सङ्कलन र व्यवस्थापन गर्ने ।

७. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य गर्ने ।

८. योजना तर्जुमा प्रकृयामा अत्यावस्यक खण्डिकृत तथ्याङ्क उपलव्ध गराउने गर्ने ।

९. सूचना प्रकाशन बुलेटिन, ब्रोसर तथा अन्य सूचना तथा जानकारीमूलक सूचनाहरू प्रकाशन गर्ने ।

१०. पुस्तक तथा पत्र–पत्रिकाहरुको संरक्षण सम्बर्धन गरी यथा स्थितिमा राख्न लगाउने ।

११. कार्यालयबाट गरिने निर्णय, नीति तथा कार्यक्रम, योजना, तथ्याङ्क, कार्यप्रगति विवरण, बुलेटिन, ब्रोशर, नागरिक वडापत्र तथा अन्य त्यस्ता जानकारी दिने साथै सूचनामूलक प्रकाशनहरू गर्ने ।

१२. सरोकारवालाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक तथ्याङ्क संकलन गरी प्रशोधन गर्ने र विभिन्न विषयगत कार्यालय, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट प्राप्त हुने तथ्याङ्कहरूलाई समेत व्यवस्थित गरि प्रयोगमा ल्याउने ।

१३. नगरको वस्तुगत विवरण, क्षेत्रगत विश्लेषण प्रतिवेदन, वित्तीय विश्लेषण, संस्थागत प्रतिवेदन, विकास बुलेटिन, नगर समाचार, ब्रोसरहरूको प्रकाशन लगायत सोको अध्यावधिक गर्ने र सरोकारवालाहरूलाई उपलब्ध गराउने ।

१४. सूचना व्यवस्थापन गर्ने, अनुसन्धान, प्रकाशन र वितरण कार्य गर्ने ।

१५. कार्यालयको सूचना प्रवाह गर्न सूचना अधिकारी सम्बन्धी कार्य गर्ने ।

१६. भौगोलिक सूचना प्रणाली सम्बन्धी कार्य गर्ने ।

१७. वेवसाइट तथा इन्टरनेटको ब्यवस्था सम्बन्धी कार्य गर्ने ।

१८. योजना तर्जुमा प्रकृयामा अत्यावस्यक खण्डिकृत तथ्याङ्क उपलव्ध गराउने गर्ने ।

१९. खुलाक्षेत्र, चोक, घाट, पौवा, सतल, धर्मशाला, धार्मिक तथा साँस्कृतिक स्थल, डाँडापाखा चरनक्षेत्र, पानीको मूल, पोखरी तलाउ, इनार कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो, नहर पानी घट्ट, मिलको तथ्याङ्क संकलन गरी अद्यावीक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावीक गर्ने ।

**(२) पूर्वाधार विकास शाखा**

१. नगरपालिका भित्र निर्माण गर्नुपर्ने भौतिक संरचना (शहरी विकास, वसपार्क, वसस्टप, शौचालय, ओभरहेड पुल, विभिन्न प्रकारका मल्टिस्टोरी संरचना यातायात नियमन आदि) को सर्भे, अध्ययन गर्ने ।

२. डिजाइन, विश्लेषण गरी वार्षिक कार्यतालिका सहित श्रोतसाधन जनशक्तिको आँकलन गरी नगर कार्यपालिका र नगर सभामा प्रस्ताव पेश गर्ने ।

३. शहरी विकासको नीतिको आधारमा आवास क्षेत्र, व्यापारिक क्षेत्र, खुलापार्क, खेलमैदान नीति, भित्री सहरी सडक ठूला मार्गको मर्मतसम्भार गर्ने गराउने । यस सम्बन्धमा अन्तर नगरपालिका तथा सम्वद्ध अन्य निकाय (प्रदेश वा संघीय) सँग समन्वय गर्ने गराउने ।

४. शुद्ध खानेपानी उत्पादन, वितरण, सुधार सम्भार र व्यवस्थापनमा समन्वय, सहकार्य समेत गरी भरपर्दो रुपमा पानी उपलव्ध गराउने गर्न लगाउने । ढल निर्माण व्यवस्थापन संरक्षण गर्ने गराउने साथै नदी र जलश्रोत फोहररहित सफा स्वच्छ बनाउने बनाउन लगाउने ।

५. मातहत शाखालाई कार्य निर्देश दिने । कामको मूल्याङ्कन गर्ने । पद तह अनुसार मातहत कर्मचारीको सुपरिवेक्षण वा पुनरावलोकन गर्ने । प्रोत्साहन, पुरस्कार, दण्डको सिफारिस गर्ने । शाखा अन्तरगतका सम्पूर्ण कार्यक्रमको जिम्मेवारी निर्वाह गरी पूर्ण सुसूचित हुने ।

६. कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी नगर कार्यपालिका, नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत (प्र.प्र.अ.) तथा नगर प्रवक्तासम्म शाखा अन्तरगत कार्यप्रगतिको सूचना प्रवाह गर्ने गराउने ।

७. शाखा अन्तर्गतका कार्ययोजना कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्राप्त कार्यपालिका, नगर प्रमुखको निर्णय र निर्देशन पालना र कार्यान्वयन गर्ने गराउने ।

८. शाखा अन्तर्गत रहने उपशाखा, एकाइ तथा वडा कार्यालयहरुको प्रशासकीय नियन्त्रण गर्ने ।

**(२.१) शहरी पूर्वाधार विकास उपशाखा**

१. नगरपालिकाको जिम्मामा परेका भित्री बाहिरी सडकहरूको तथ्याङ्क लगत, ती सडकको अवस्था, महत्व, निर्माण, मर्मत सुधारका अनुमानित समय तालिका तयार गरी अभिलेख राख्ने ।

२. निर्माण, मर्मत सम्भार सुधारको कार्यतालिका बनाई सो अनुसार गुणस्तरीय, भरपर्दो काम जनसहभागिता हुने भए सो समेतको आधारमा पारदर्शी रुपमा समय सिमाभित्र कार्य सम्पन्न गर्ने ।

३. सडकको निर्माण मर्मत सुधार समेतको सर्भे डिजाईन, लगत इस्टमेट, कार्यतालिका, जनशक्ति, समय सिमा र जोखिम अवस्था आदि विश्लेषण समेत तयार गरी शाखा प्रमुखमा पेश गर्ने ।

४. शहरी योजना भित्र ढल निर्माण, मर्मतसंभार र जनस्वास्थ्यलाई कुनै असर नपर्ने गरी निष्कासन व्यवस्था गर्ने गराउने ।

५. नदी तथा पानीका श्रोतहरूमा तरल फोहर (लिक्वीड वेस्ट) को शुद्धता व्यवस्थित गर्ने गराउने र भूमिगत तथा सतहगत पानीको स्थान विशेषको अध्ययन गरी उत्पादन स्तर उपयोग उपभोगको नियमन नियन्त्रण व्यवस्था गर्ने गराउने ।

६. खानेपानी तथा ढल व्यवस्था र पानीजन्य सरसफाईको लागि प्राप्त श्रोत (आन्तरिक एवं स्वदेशी विदेशी ऋण, सहयोग) को परिचालन र त्यसको दिगो एवं गुणस्तरीय निर्माण मर्मतसंभार गर्ने गराउने र आन्तरिक तथा वाह्य सहयोग एवं समन्वय गर्ने गराउने ।

७. शहरी योजनामा आवश्यकता र जनमागको आधारमा जग्गा वा घर एकीकरण (ल्याण्ड, हाउस पुलिङ्) योजना तयार गरी स्वीकृत मापदण्ड अनुसार कार्यान्वयन गर्ने गराउने ।

८. सोलार तथा अन्य वैकल्पिक उर्जाको विकास, प्रयोग र गुणस्तरीय निरन्तरताको व्यवस्था गर्ने गराउने ।

९. शहरी विद्युत वितरण अव्यवस्थित तारसंजालको सुन्दरता व्यवस्था गर्न सम्बन्धित निकायसँग सहकार्य, सहयोग र समन्वयबाट समेत कार्य गर्ने गराउने ।

१०. वैकल्पिक उर्जा विकासको लागि अध्ययन अनुसन्धान गर्न आवश्यकता अनुसार विशेषज्ञ लिने वा लिन सिफारिस गर्ने ।

११. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन महाशाखामा पठाउने ।

**(२.२) भुमि ब्यबस्थापन तथा नक्शा उपशाखा**

१. नगरभित्रको सार्वजनिक जग्गाहरुको संरक्षणको लागि योजना बनाउने तथा अभिलेख राख्ने ।

२. सुकुम्बासी समस्या समाधान गर्नको लागि भूमि सम्बन्धी कार्य गर्ने ।

३. भूउपयोग सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने ।

४. नक्शापास सम्बन्धी काम गर्ने ।

५. नगर आवास योजना (ल्याण्ड हाउस पुलिङ् आदि समेत) शहरी विकास र खानेपानी तथा ढल व्यवस्था शाखासँग समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

६. आवास भवन निर्माणको मापदण्ड, वहुतला भवनका मापदण्ड, मानक, भौगर्विक अवस्था, क्षेत्र (लोकेशन) र जग तथा उचाइ आदिको नक्सा डिजाइन विश्लेषण गरी स्वीकृति आधार तयार गर्ने र कार्यान्वयन गर्ने गराउने ।

७. आवास भवन, व्यापारिक भवन, कार्यालय भवन, सरकारी वा वैदेशिक संस्थाका ठूला भवन, कम्पाउण्ड पर्खाल, पार्क, पाकिङ् स्थल, ढल फोहर व्यवस्थापन आदिका आधारमा निर्माण स्वीकृति नीति बनाउने लागु गर्ने गराउने ।
८. स्वीकृत नक्सा र मापदण्ड अनुसार काम भए नभएको अनुगमन गर्ने निर्देशन नियमन गर्ने ।
९. भवन निर्माणको आचारसंहिता पालना गराउने र पालना भए नभएको अनुगमन गर्ने तथा नियमन र निर्देशन दिने ।
१०. सम्पदाको ऐतिहासिक र पुरातात्विक क्षेत्र, वस्तुको राष्ट्रिय अन्तरराष्ट्रिय महत्वको आधारमा वर्गीकरण अनुसार अभिलेख सूची तयार गर्ने । तिनीहरूको अवस्था जनआस्था र चासो आम्दानीका श्रोत बारे जानकारी हुने वैज्ञानिक अभिलेख बनाउने, संरक्षण पुनरुद्धार गर्ने योजना बनाई कार्यान्वयन गर्ने गराउने ।
११. सम्पदा सूचीमा परेका स्थान, क्षेत्र, मठ मन्दिरलाई राम्रो संभार गरी वृत्तचित्र बनाउने वा बनाउन प्रोत्साहन गरी राष्ट्रिय /अन्तरराष्ट्रिय बजारमा प्रचारप्रसार गर्ने गराउने ।
१२. आफ्नो उपशाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन महाशाखामा पठाउने ।

**(२.३) वातावरण सरसफाई तथा विपद् व्यवस्थापन उपशाखा**

१. स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
२. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने । फोहरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन गर्ने ।
३. नगरभित्रको फोहर वर्गीकरण, संकलन र व्यवस्थापन व्यवस्थित रुपमा गर्ने गराउने ।
४. फोहरमैलालाई वर्गीकरण गरी व्यवस्थापन गर्ने ।
५. टोल विकास संस्था, स्वयंसेवी संस्था, निजी क्षेत्रको सहकार्यमा फोहर व्यवस्थापन गर्ने ।
६. सरसफाइ सम्बन्धी सवारी, उपकरण र औजारको स्याहार सम्भार गर्ने ।
७. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन तथा ल्याण्डफिल साईट व्यवस्थापन गर्ने ।
८. स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापनतथा नियमन गर्ने ।
९. सार्वजनिक शौचालय व्यवस्थापन गर्ने ।
१०. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।
११. आफ्नो शाखा संग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी गर्ने ।
१२. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव गरी सम्बन्धित उपशाखामा पठाउने ।
१३. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
१४. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी सम्बन्धी नीति रणनीतिको कार्यान्वयन गर्ने ।
१५. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, जलाधार संरक्षण गर्ने । वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
१६. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने ।
१७. भूसंरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकूलन, स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।
१८. वातावरणीय जोखिम न्यूनीकरण, जलवायू परिवर्तन अनुकुलन कार्यक्रम गर्ने ।
१९. विपद्व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन गर्ने ।
२०. विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना तयारी गर्ने ।
२१. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।
२२. निजी तथा व्यावसायिक वनको प्रर्वधन र नियमन गर्ने । बगैंचा स्थापना, व्यवस्थापन र प्रर्वधन, नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, वृक्षारोपण र प्रर्वधन गर्ने ।
२३. नगर क्षेत्र भित्रका पार्क, हरियाली क्षेत्रको संरक्षण गर्ने । संम्वर्धन तथा जैविक विविधताको अभिलेख गर्ने ।
२४. ताल, तलैया, पोखरीको संरक्षण गर्ने । भूमि, जल, भवायु तथा ध्वनिको प्रदूषण नियन्त्रण गर्ने । तयारी गर्ने । खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय, विपद्जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

विपद्व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने । वातावरणीय जोखिम न्यूनीकरण सम्बन्धि कार्यक्रमहरू गर्ने । जलवायू परिवर्तन अनुकुलन सम्बन्धि कार्यक्रम गर्ने ।

२५. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
२६. स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्वा सूचना प्रणाली, खोज तथा उद्दार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय,
२७. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण व्यवस्था सम्बन्धी कार्य गर्ने ।
२८. विपद् व्यवस्थापन (वारूणयन्त्र र अन्य विपद) कोषको स्थापना तथा सञ्चालन र परिचालन सम्बन्धी काम गर्ने ।
२९. विपद्जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जूमा, कार्यान्वयन र अनुगमनमा सहयोग गर्ने ।
३०. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
३१. प्रदुषणमुक्त नगर बनाउन आवश्यक नीति, कार्यदिशा निर्धारण गर्ने र अनुसन्धानात्मक कार्य समेत गर्ने गराउने ।
३२. उद्यान, पार्क, खुला मैदान आदिको संभाव्य क्षेत्र पहिचान गर्ने ।

**२,४ , योजना तथा अनुगमन उपशाखा**

३३. नगरपालिकाको रणनीतिक योजना, वार्षिक योजना, कार्यक्रम, स्थानीय योजना, जग्गा विकास योजना तयार गर्ने ।
३४. नगरको दीर्घकालीन, आवधिक र बार्षिक योजना तर्जुमाको आधार तथा प्राथमिकता निर्धारण सम्बन्धी मसौदा तयार गर्ने ।
३५. योजना कार्यान्वयन सम्बन्धी रणनीतिक योजना तयार गर्ने ।
३६. कार्यक्रम तथा आयोजना (Project) हरूको प्राथमिकता निर्धारण गर्ने ।
३७. आयोजना बैंक खडा गर्ने र अद्यावधिक गर्ने ।
३८. विकास आयोजनाहरू संचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्देशन समन्वय र सहयोग गर्ने ।
३९. नगरपालिकाको वार्षिक योजना, कार्यक्रम, वार्षिक बजेट तर्जुमा एवं स्वीकृति सम्बन्धी कार्य गर्ने ।
४०. वडा तथा मातहतका निकायहरूलाई समयमै आवधिक तथा बार्षिक बजेट सीमा पठाउन विषयगत निकाय तथा अन्य निकायहरूसँग समन्वय गर्ने । तयार गर्ने र उपलब्ध गराउने ।
४१. आयोजना एवं कार्यक्रम स्वीकृत भए पछि सम्बन्धित निकायलाई जानकारी गराउने ।
४२. सञ्चालन हुने/संचालित कार्यक्रम तथा आयोजनाको अद्यावधिक अभिलेख राख्ने । विवरण पुस्तिका (Project document) तयार गराई सो को आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने ।
४३. विषयगत निकायको आवधिक योजना निर्माणमा सहयोग र समन्वय गर्ने र बार्षिक योजना तयार गर्दा अद्यावधिक योजनासँग मिलान हुने गरी तयार गर्न सहयोग गर्ने ।
४४. अन्तर स्थानीय निकाय समन्वय तथा गाउँ नगर साझेदारी कार्यक्रमको व्यवस्थापन गर्ने ।
४५. नगर विकास कोष संगको कारोबार तथा योजना सम्बन्धी कार्य गर्ने ।
४६. आगामी वर्षको स्वीकृत योजना सम्बन्धित निकायमा पठाउने ।
४७. नगरपालिका तथा नगर सभाले विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई दिइएका निर्देशन सम्बन्धी कार्य गर्ने ।
४८. सम्बन्धित समिति/उपसमितिका विभिन्न वैठकहरुको उपयुक्त व्यवस्थापन निर्णय कार्यान्वयन र निर्णय पुस्तिकाको सुरक्षा गर्ने ।
४९. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा आयोजनाहरूको नियमित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था गर्ने ।
५०. प्रगति विवरणहरूको संकलन, विश्लेषण एवं पृष्ठपोषण सम्बन्धी कार्य गर्ने ।
५१. आयोजनाको समीक्षा गर्ने । प्रतिवेदन तयार गर्ने र समस्याहरु देखा परेमा सो समाधान गर्ने/ समाधानका लागि राय सहित पेश गर्ने ।
५२. कार्यक्रम तथा आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहयोग र समन्वय, माथिल्लो तह वा निकायमा पेश गर्ने । निर्णय कार्यान्वयन गर्ने ।
५३. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने । वार्षिक एवं चौमासिक समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने । बिभिन्न शाखा वा निकायबाट गरिएका समीक्षाको अभिलेख राख्ने र बाधा अड्चन फुकाउन आवश्यक कार्यबाही गर्ने ।

५४. सामाजिक उत्तरदायित्वका विधिहरुको पहिचान र प्रयोग र यस्ता विधिहरुको पहिचान र प्रयोगमा सम्बन्धित निकायहरुलाई सहयोग र समन्वय गर्ने । शाखा अन्तर्गत रहने उपशाखा, एकाइ तथा वडा कार्यालयहरुको प्रशासकीय नियन्त्रण गर्ने ।

५५. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन महाशाखामा पठाउने ।

**(३) वित्तीय व्यवस्थापन शाखा**

१. हरेक आर्थिक बर्षको लागि राजश्व परिचालन नीतिको तर्जुमा र करका दर विश्लेषण सहितको प्रस्ताव तयारी गर्ने ।

२. सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर गर्ने ।

३. पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, व्यवसाय कर आदि नगरपालिकाले लगाउन सक्ने करहरु सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन तथा अन्य आय व्यवस्थापन गर्ने ।

४. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन गर्ने ।

५. तथा बाँडफाँड, कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटोतथा खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी शुल्क सङ्कलन गर्ने ।

६. करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक गर्ने ।

७. नगर कार्यपालिका, वडा कार्यालय वा नगरपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान भवनहरुको वहाल भाडा, लिज बमोजिमको राजश्व असुली एवं भुक्तानी गर्ने ।

८. आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्ने । आर्थिक प्रशासन र व्यवस्थापन र नियन्त्रण, अन्तिम लेखा परीक्षणको लागि सहयोग गर्ने ।

९. सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन गर्ने ।

१०. बेरुजू फछ्र्यौट, ऋण, अनुदान तथा जमानतको व्यवस्थापन र नियमन गर्ने ।

११. ऋण लिने र तिर्ने क्षमताको विश्लेषण, संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन गर्ने ।

१२. आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय एवं राजश्व परामर्श समितिको सचिवालयको काम गर्ने ।

१३. आफ्नो महाशाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने ।

१४. आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण गर्ने ।

१५. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।कार्यालय प्रमुख र महाशाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

**(३.१) आर्थिक प्रशासन उपशाखा**

१. नगरपालिकाको वजेट तयारी सम्वन्धी कार्यमा समन्वय गर्ने।

२. नगरपालिकालाई प्राप्त हुने सर्सत,समपुरक,विशेष,समानिकरण अनुदान लगायतका विभिन्न आम्दानी जम्मा गर्ने ।खर्च गर्ने र सोको अभिलेख राख्ने।

३. नगरपालिकाको आर्थिक विश्लेषण गरि योजना अनुगमन शाखा,पुर्वाधार विकास शाखा र अन्य सम्वन्धित शाखाहरुलाई जानकारी दिने।

४. नगरपालिकाको आम्दानी तथा खर्चहरुको मासिक चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी/गर्न लगाई सम्वन्धित निकायमा पठाउने तथा सार्वजनिक गर्ने।

५. वार्षिक आय र व्यायको विवरण नगरपालिकाको वेव साईट वा स्थानीय पत्र पत्रिकामा प्रकाशित गर्ने।

६. नगरपालिकाको सम्पूण खाताहरु प्रमुख प्रशासकिय अधिकृतको अनिवार्य र लेखा अधिकृत/लेखापालको संयुक्त दस्ताखतबाट सञ्चालन गर्ने।

७. कर्मचारी तथा जनप्रतिनिधिहरुको सेवा सुविधा ,तलव भत्ता पारिश्रमिक वितरण गर्ने र तलवि प्रतिवेदन पारित गर्ने।

८. संचय कोष र नागरिक लगानि कोष लागायतका पठाउनुपर्ने कट्टि रकम समयमै पठाउने।

९. सामाजिक सुरक्षा भत्ता निकासा सम्वन्धि कार्य गर्ने ।

१०. कर्मचारी कल्याण कोष संचालन सम्वन्धीइ कार्य गर्ने।

११. बिजुलि, धारा, टेलिफोन, इन्टरनेटको महशुल भुक्तानी सम्वन्धी कार्य गर्ने।

१२. योजना अनुगमन र पुर्वाधार विकास शाखावाट प्राप्त निर्माण सम्वन्धि विल जाँच गर्ने विभिन्न आयोजनाको निकासा लिने र पेश्की सम्वन्धी कार्य गर्ने।

१३. उपभोक्ता समिति लगायतका विभिन्न ठेक्कावाट गरिएका कार्यहरुको खर्च सम्वन्धि विल भरपाई जाच गर्ने भुक्तानी भौचर वनाउने र चेक तयार गर्ने।

१४. नगरपालिकाको वैठकवाट भएका अर्थ सम्वन्धि निर्णयहरुको कार्यान्वयन सम्वन्धी कार्यहरु गर्ने।

१५. पुराना पेश्की बाँकी रहेका असूल उपर तथा फछ्यौट गर्न गराउन आवश्यक कारवाही गरी सोको प्रतिवेदन तयारी सम्वन्धी कार्यहरु गर्ने।

१६. आन्तरिक तथा अन्तिम लेखापरिक्षण गर्न सहयोग गर्ने।

१७. आन्तरिक लेखापरिक्षणवाट देखाईएका वेरुजुहरु समयमै नियमित गर्ने र समयमै नियमित हुन नसकेमा नसक्नाको कारण खोलि प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्ने।

१८. अन्तिम लेखापरिक्षणवाट प्राप्त हुन आएका वेरुजुहरु नियमित गर्ने ।असुल उपर गर्नुपर्ने भए असूलउपर गरी बेरुजु फछ्यौट गर्न गराउन आवश्यक कार्यहरु गर्ने/गराउने।

१९. बेरुजु अभिलेख र फछ्यौट सम्वन्धी कार्य गर्ने ।

२०. आगामी आर्थिक वर्षको यर्थाथपरक अनुमानित बजेट तर्जुमाको मस्यौदा तयार गर्ने कार्यमा प्रमुख प्रशासकिय अधिकृतलाई सहयोग गर्ने।

२१. नगरपालिकाको चालु तर्फको बजेट मस्यौदा तयार गरी/गराई प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने।

२२. बजेटको अन्तिम मस्यौदा तयार गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्ने।

२३. योजना अनुगमन शाखा र विषयगत शाखासँग समन्वय गरी वजेट तर्जुमा गर्ने।

२४. आर्थिक प्रशासन शाखा सँग सम्वन्धित अभिलेखहरु सुरक्षित राख्ने।

२५. आर्थिक प्रशासन सम्वन्धी कार्यलाई सफ्टवेयरमा व्यवस्थित गर्ने।

२६. एक आर्थिक वर्षको अन्त्यपछि अर्को आर्थिक वर्षको लागी पेश्की,बैंक मौज्दात,उपचार खर्च,धरौटी आदिको जिम्मेवारी सार्ने।

२७. खरिद इकाइको सदस्यको रुपमा काम गर्ने।

२८. माग भएका राय कानून बमोजिम यथार्थपरक र तथ्यपरक रुपमा उपलब्ध गराउन खरिद योजना/गुरुयोजना/कार्ययोजना वमोजिम भुक्तानी व्यवस्थापनमा श्रोत अनुमान समिति र राजश्व परामर्श समितिलाई आवश्यक आर्थिक सूचना उपलब्ध गराउने।

२९. प्रमुख प्रशासकिय अधिकृतले प्रत्यायोजन गरेका र प्रचलित कानुन बमोजिम तोकिएका अन्य कार्यहरु गर्ने।

**(३.२) राजस्व प्रशासन उपशाखा**

१. राजश्व परिचालन सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जूमा, कार्यान्वयन र नियमन गर्ने । अध्ययन अनुसन्धान तथा विश्लेषण कार्य गर्ने गराउने ।

२. सम्भाव्य प्राकृतिक श्रोत साधन तथा अन्य आन्तरिक श्रोत साधनको पहिचान, परिचालन गर्ने । समन्वय र आर्थिक एवं प्रशासनिक अनुशासन सम्बन्धी कार्य गर्ने ।

३. नगरको राजस्वको लगत, वितरण, अभिलेख व्यवस्थापन तथा लेखापरीक्षण गर्ने ।

४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी, सामुदायिक वनको सञ्चालन र व्यवस्थापन गर्ने । स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन आदिबाट प्राप्त हुने रोयल्टी, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना आदिको सङ्कलन, समन्वय र नियमन सम्बन्धी कार्य गर्ने ।

५. राजश्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय र पहल गर्ने ।

६. स्थानीय करको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।

७. करदाताको सर्भेक्षण सम्बन्धी कार्य गर्ने ।

८. करयोग्य कर दाताहरुलाई करको दायरा भित्र ल्याउनको लागि आवश्यक कार्यहरु गर्ने ।

९. करदाताले तिर्नु पर्ने कर, शुल्क, दस्तुर, जरिवाना आदि तय गरी असुल गर्ने ।

१०. राजश्व संकलनको अद्यावधिक अभिलेख राख्ने तथा दैनिक कर असुली विवरण तयारी गर्ने ।

११. राजश्व सम्बन्धी प्रचारप्रसार तथा गोष्ठी संचालन सम्बन्धी कार्य गर्ने ।

१२. कर चुक्ता सिफारिश सम्बन्धी कार्य गर्ने ।

१३. राजश्व परामर्श समितिको काम कारवाहीमा सहयोग गर्ने ।

१४. नगरपालिकाको सम्पत्ति भाडामा दिने तथा राजश्व ठेक्कापट्टा सम्बन्धी कार्य गर्ने ।

१५. वार्षिक तथा पटके सवारी कर सम्बन्धी लगत अद्यावधिक राख्ने ।
१६. घर भाडा, व्यवसाय कर, सवारी कर, व्यवसाय, बहाल विटौरी शुल्क असुली तथा अध्यावधिक अभिलेख राख्ने ।
१७. कर सम्बन्धमा नगरवासीलाई अवगत गराउने । कर लगत अद्यावधिक राख्ने । करदाताहरुको सम्पत्तिको मूल्याङ्कन गर्ने । कर संकलनको अभिलेख राख्ने ।
१८. संकलित कर रकमको फाँटवारी, दैनिक असुली, बैंक दाखिला, बैंक क्यास बुक पोष्टिङ् लगायत असुली तालिका तयार गरी लागू गराउने । वित्तीय विवरण तयार गर्ने ।
१९. राजश्व संकलनको अद्यावधिक अभिलेख राख्ने तथा दैनिक र मासिक कर असुली विवरण तयारी सम्बन्धी कार्य गर्ने ।
२०. करदातालाई उत्प्रेरणा गर्ने खालका पारदर्शी र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
२१. अभिलेखहरु सुरक्षित रुपमा राख्ने ।
२२. राजस्वसँग सम्बन्धित सिफारिश तयार गर्ने ।

**(३.३) आन्तरिक लेखा परीक्षण उपशाखा**

१. शाखाहरू तथा अन्तर्गत समिति-आयोग-प्रतिष्ठानहरूको बीच समन्वय सम्पर्कका लागि आन्तरिक कार्य प्रणाली, कार्यविधिहरू कार्यान्वयन निर्देशिका सम्बन्धी कार्यहरू गर्ने ।
२. वेरुजुहरु माथि नियन्त्रण र पूर्ववेरुजुको आकारमा अध्ययन, बिश्लेषण र कम गर्ने ।
३. वित्तीय अनुशासनका जोखम क्षेत्रहरूको पहिचान र नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
४. आर्थिक कारोवार ऐन नियम अनुसार खर्च भए नभएको जाँच गर्ने ।
५. मासिक वा त्रैमासिक रुपमा आम्दानी तथा खर्चको सम्वन्धीत खाताहरुको परीक्षण गरी त्रुटि देखिएमा लिखित प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।
६. ऐन नियमले तोके वमोजिम पेश्की वा भुक्तानी दिँदा रित पुगे नपुगेको सम्वन्धमा पूर्वआन्तरीक लेखापरीक्षण गर्ने ।
७. आ.ले.प.बाट देखिएका वेरुजुहरुको किताव खडा गरी आर्थिक व्यवस्थापन शाखालाई उपलव्ध गराउने ।
८. वडा समिति कार्यालयबाट भए गरेका आर्थिक कारोवारहरुको लेखा परीक्षण गर्ने ।
९. अन्तिम लेखारीक्षण गराउन लेखापरीक्षकको छनौटमा राय सुझाव दिई सहयोग गर्ने ।
१०. अन्तिम लेखापरीक्षण गराउन आवश्यक कागजपत्र तथा सूचना जुटाई सहयोग गर्ने ।
११. अन्तिम लेखापरीक्षणबाट प्राप्त वेरुजुहरु नियमित गर्न, असूल गर्न र आवश्यकतानुसारको कारवाही गर्न सो प्रतिवेदन सम्वन्धीत शाखामा दिने ।
१२. नगर सभाको वैठकमा लेखापरीक्षणको प्रतिवेदन पेश गर्ने तथा जिज्ञासा समाधान गर्न सहयोग गर्ने।

**(४) आर्थिक विकास शाखा**

१. उद्योग व्यवसायको प्रवर्द्धन, स्थान, मापदण्ड निर्धारण गर्न संघ, प्रदेश र अन्य स्थानीय तह वा निकायमा समन्वय सहकार्य गर्ने र उद्योगको प्रकार, स्थान, आकार र भार (क्वान्टिटी) आदिको नीति बनाई प्रविधियुक्त उद्योग व्यवसायलाई आह्वान, प्रोत्साहन प्रवर्द्धन गरी कर र सुविधा बारे पनि नीति बनाई कार्यान्वयन गर्ने गराउने ।
२. सार्वजनिक निजी सार्वनिक साझेदारी सम्बन्धि नीति, कार्यविधि, मापदन्ड कार्यक्रम पहिचान र कार्यान्वयन निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने गराउने ।
३. नगरपालिका भित्रको खानी तथा खनिज पदार्थको संरक्षणका लागि नीति, नियम, मापदण्ड तर्जुमा गर्ने ।
४. खानी तथा खनिज पदार्थ सम्वन्धी सूचना तथा तथ्याङ्क संकलन, अभिलेखन र भौगोलिक नक्शा तयारी गर्ने ।
५. रोजगार प्रवर्द्धन तथा गरिवी निवारण सम्वन्धी नीति, रणनीत नियम तर्जुमा गर्ने ।
६. नगरपालिका क्षेत्रमा बेरोजगारहरूको तथ्याङ्क संकलन ,प्रकाशन र सूचना प्रणाली स्थापना,
७. पहिचान भएका गरिव घरपरिवार र लक्षित समूहलाई परिचय वितरण, नगरस्तरका आयोजना,कार्यक्रममा निश्चित दिन सम्म रोजगारीका अवसर सिर्जनाको गर्ने ।
८. सवै तहका सरकारर रोजगारदाता सङ्घसंस्थासंग रोजगारीका अवसरमा पहूँचका लागि सहकार्य र समन्वय गर्ने ।
९. बैदेशिक रोजगारीमा सीपयुक्त जनशक्ति विकासका कार्यक्रम तर्जुमा तथा दक्ष जनशक्ति तयारीका लागि श्रोत साधन परिचालन गर्ने ।
१०. समुदायमा सिपमुलक, आयआर्जन तथा आर्थिक उपार्जनका विभिन्न कार्यक्रमहरु सञ्चालन समन्वय,

११. वेरोजगार युवा जनशक्तिको तथ्याङ्क व्यवस्थापन गर्ने ।
१२. शाखाको कार्यसम्पादनका लागि अन्य शाखा सँग सम्पर्क र समन्वय गर्ने ।
१३. शाखा अन्तर्गतका उपशाखाहरुको कार्य विवरण र कार्य सम्पादन सूचक तयार गर्ने ।
१४. कार्य वातावरणको सिर्जना, कार्य सम्पादनमा सहयोग, अनुगमन, निरीक्षण एवं मूल्याङ्कन गरी सुझाव तथा पृष्ठपोषण गर्ने।
१५. उपशाखाबाट भए गरेका कामहरुको मासिक, चौमासिक र बार्षिक रुपमा समिक्षा बैठक राखी छलफल गराउने । मासिक, चौमासिक र बार्षिक प्रतिवेदन समयमानै सम्बन्धित शाखा तथा निकायमा पठाउने ।
१६. शाखा अन्तर्गतका उपशाखा तथा एकाइमा कार्यरत कर्मचारीको विदा स्वीकृत गर्ने ।
१७. शाखा अन्तर्गतका उपशाखा तथा एकाइमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन सुपरीवेक्षण तथा मूल्याङ्कन सम्बन्धी काम गर्ने ।

**(४.१) कृषि विकास उपशाखा**

१. कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्वन्धी नगरस्तरीय नीति, नियम, मापदण्ड, योजना तर्जुमा गर्ने । कार्यान्वियन र नियमन गर्ने ।
२. कृषि उत्पादन वजारसम्म पहुँच लागि हाटबजारको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, प्राविधिक सेवा तथा प्रविधिको प्रसार, कृषि सामाग्रीको आपूर्ती लगायत कृषक क्षमता विकासका लागि अभिमुखीकरण तालिम संचालन गर्ने ।
३. स्थानीय संभावनाका आधारमा कृषिको व्यवसायिकरण र विविधिकरण गर्न किसानलाई प्रोत्साहन कार्यक्रम तर्जुमा गर्ने । साना सिंचाई आयोजना सञ्चालन गर्ने ।
४. कृषि बजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेका, कृषि सामग्री आपूर्ति, कृषि क्षमता विकास कार्यक्रमको संचालन, अनुगमन र नियमन गर्ने ।
५. कृषिमा देखिने प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण, आकस्मिक वाली संरक्षण सेवा प्रदान गर्ने ।
६. कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने ।
७. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धी कामहरू गर्ने ।
८. उच्च मूल्ययुक्त कृषिजन्य बस्तुको प्रबर्धन, विकास तथा बजारीकरणका कार्यहरू गर्ने ।
९. कृषि समूह्, कृषि सहकारी गठन र सञ्चालनमा प्रोत्साहन तथा कृषिसम्वन्धी सङ्घसंस्थासंग समन्वय र सहकार्य गर्ने ।
१०. कृषि सूचना प्रणालीको व्यवस्थापन गर्ने । सूचनाको प्रचार प्रसार तथा कृषि तथ्याङ्क अद्यावधिक गर्ने ।
११. कृषकहरुलाई आयमूलक रोजगारीको अवसर सिर्जना गर्ने खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा गरी सो को कार्यान्वयन गर्ने ।
१२. उत्पादन व्यवस्थापन सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
१३. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन, विकास तथा बजारीकरण गर्ने ।
१४. स्थानीय स्तरमा कृषि सम्बन्धी तथ्याङ्को व्यवस्थापन र सूचना प्रणालीको स्थापना गर्ने ।
१५. शित भण्डारको व्यवस्थापन र नियमन गर्ने ।
१६. कृषि बिमा र कर्जा सहजीकरण गर्ने ।
१७. स्थानीय तहको कृषि विकास सम्बन्धि गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने ।
१८. कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्वन्धी नगरस्तरीय नीति, नियम, मापदण्ड, योजना तर्जुमा गर्ने, कार्यान्वियन र नियमन गर्ने ।
१९. स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यन्वयन तथा सहजीकरण गर्ने ।
२०. बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समुह तथा कृषि उद्यमहरुको विवरण सहितको नगर कृषि प्रोफायल तयार गर्ने ।
२१. स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने ।
२२. संघ तथा प्रदेशका कृषि सम्बन्धि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने ।
२३. अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि पालिकाका कृषक समुदायमा प्रचारप्रसार गर्ने ।
२४. कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने ।
२५. स्थानीय संभावनाका आधारमा कृषिको व्यवसायिकरण र विविधिकरण गर्न किसानलाई प्रोत्साहन कार्यक्रम तर्जुमा गर्ने ।
२६. कृषि समूह, कृषि सहकारी गठन र सञ्चालनमा प्रोत्साहन तथा कृषिसम्बन्धी सङ्घसंस्थासंग समन्वय र सहकार्य गर्ने ।

२७. कृषकहरुलाई आयमूलक रोजगारीको अवसर सिर्जना गर्ने खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा गरी सो को कार्यान्वयन गर्ने ।
२८. प्राविधिक सेवा टेवा कार्यक्रम अन्तरगत माटो प्रयोगशालाको निर्माण, व्यवस्थापन गर्ने । र संचालन गर्ने ।
२९. माटो गुणस्तर सुधार गर्नका लागि घुम्ती माटो परिक्षण शिविर संचालन गरी आवश्कता अनुसार अम्लिया र क्षारियापन घटाउन चुन र जिप्सम सिफारिस गर्ने ।
३०. नगर स्तरीय कृषि नीति, रणनीति र कार्यविधि तयार पार्ने,
३१. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन महाशाखामा पठाउने ।

**(४.२) पशुपन्छी उपशाखा**

१. पशुपंछी विकास, प्रसार, उत्पादन व्यवस्थापन सम्वन्धी नगरस्तरीय नीति, नियम, मापदण्ड, योजना तर्जुमा गर्ने । कार्यान्वयन र नियमन गर्ने ।
२. पशुपंछी उत्पादन वजारसम्म पहुँच लागि हाटबजारको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, प्राविधिक सेवा तथा प्रविधिको प्रसार, सामाग्रीको आपूर्ती लगायत कृषक क्षमता विकासका लागि अभिमुखीकरण तालिम संचालन गर्ने ।
३. स्थानीय संभावनाका आधारमा पशुपंछीको व्यवसायिकरण र विविधिकरण गर्न किसानलाई प्रोत्साहन कार्यक्रम तर्जुमा गर्ने ।
४. पशुपालकहरुलाई आयमूलक रोजगारीको अवसर सिर्जना गर्ने खालका योजना तथा कार्यक्रम तर्जुमा गरी सो को कार्यान्वयन गर्ने ।
५. माछा मासु वा अन्य खाद्य पदार्थको गुणस्तर परीक्षणको लागि प्रयोगशाला स्थापना गर्ने । विषयगत जाँचको लागि सरकारी वा निजीस्तरमा स्थापित प्रयोगशालामा पनि समन्वय सहकार्य गर्ने गराउने ।
६. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरी वित्त व्यवस्थापन शाखामा पठाउने ।

**(४.३ ) पशुपन्छी सेवा केन्द्र**

१. पशुपंछी सेवा केन्द्रहरुको व्यवस्थापन गर्ने ।
२. पशुजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धी कामहरू गर्ने ।
३. पशुपन्छीमा लाग्ने रोग (बर्डफ्लू खोरेत आदि) लाई निवारण (प्रिभेन्शन) गर्नमा सम्वद्ध विज्ञ संस्था निकायसँग समन्वय सहकार्य गर्ने गराउने ।
४. पशुपालक समूह, सहकारी गठन र सञ्चालनमा प्रोत्साहन तथा पशुपालनसम्वन्धी सङ्घसंस्थासंग समन्वय र सहकार्य गर्ने ।
५. पशुपंछी सूचना प्रणालीको व्यवस्थापन गर्ने । सूचनाको प्रचार प्रसार तथा पशुपंछी तथ्याङ्क अद्यावधिक गर्ने
६. माछा मासु वा अन्य खाद्य पदार्थको गुणस्तर परीक्षणको लागि प्रयोगशाला स्थापना गर्ने । विषयगत जाँचको लागि सरकारी वा निजीस्तरमा स्थापित प्रयोगशालामा पनि समन्वय सहकार्य गर्ने गराउने ।

**(४.४ ) सहकारी पर्यटन तथा उधम विकास उपशाखा**

**सहकारी**

१. सहकारीको नियमन गर्ने गराउने र समुदाय परिचालन व्यवस्था गर्ने गराउने ।
२. संचालित सहकारी र गैह्रसरकारी संस्थाको सम्पूर्ण विवरण तथ्याङ्क, अवस्था आदि सम्बन्धित निकायबाट प्राप्त गरी व्यवस्थित अभिलेख राख्ने /राख्न लगाउने ।
३. सहकारी ऐन २०७४ अनुसार दर्ता, तथा सहजीकरण गर्ने ।
४. सहकारी संस्थाको दर्ता,अनुमति,खारेजी तथा विघटनका काम गर्ने ।
५. सहकारीको विकासका लागि अध्ययन अनुसन्धान लगायत सहकारी संस्थाको कार्य क्षमता
६. सहकारी संस्थाको दर्ता,अनुमति,खारेजी तथा विघटनका काम गर्ने ।
७. सहकारी सम्वन्धी विभिन्न तहका सङ्घसंस्थासंग समन्वय, सहकार्य गर्ने ।
८. सहकारीको विकासका लागि अध्ययन अनुसन्धान लगायत सहकारी संस्थाको कार्य क्षमता विकासका लागि कार्यक्रम तर्जुमा गर्ने ।
९. सहकारी बचत तथा ऋण परिचालन सम्वन्धी स्थानीय मापदण्ड निर्धारण र अनुगमन गर्ने ।
१०. गैससको उद्देश्य कार्य क्षेत्र समेत प्रष्ट हुने गरी विवरण पेश गर्न लगाई अभिलेख राख्ने राख्न लगाउने ।
११. स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा २ (ख) अनुसारका कार्य गर्ने गराउने ।

**पर्यटन बिकास**

१. पर्यटनको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारीमा आधारित योजना कार्यक्रम पहिचान गरी लगानीका लागि आकर्षित गर्ने ।
२. स्थानीय पर्यटन नीति, नियम, मापदण्ड तयार गरी गुरूयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।
३. स्थानीय पर्यटकीय तथा सांस्कृतिक महत्वका मठ, मन्दिर, गुम्वा, मस्जीदको संरक्षण गर्ने ।
४. प्राकृतिक वा मानव निर्मित पर्यटकीय आकर्षणका संरचनाहरूको विकास, स्याहार र संरक्षण गर्ने ।
५. ग्रामीण पर्यटनको विकास र विस्तारका लागि होमस्टेको स्थापना, विकास र विस्तार गर्ने ।
६. ग्रामीण पर्यटनको विकासको माध्यमले रोजगारी सिर्जना भई गरिवी न्यूनीकरणमा टेवा पुग्ने हुदा दक्ष जनशक्तिको विकासका लागि निजी क्षेत्रसंग सहकार्य गर्ने ।

**उद्यम विकास**

७. सार्वजनिक निजी सार्वनिक साझेदारी सम्बन्धि नीति, कार्यविधि, मापदन्ड कार्यक्रम पहिचान र कार्यान्वयन निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने गराउने ।
८. समुदायमा सिपमुलक, आयआर्जन तथा आर्थिक उपार्जनका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने तथा वित्तिय कारोवारमा सहजीकरण गरीदिन वित्तिय संस्थाहरुसंग समन्वय राख्ने ।
९. वेरोजगार युवा जनशक्तिको तथ्याङ्क लिने रोजगारी अभिवृद्धि कार्यक्रममा सहभागी कृयाशील गराउने अभियान संचालन गर्ने गराउने ।
१०. रोजगारीका अवसर पहिचान गरी त्यसवारे तालीम अभिमूखीकरण आदि गर्ने गराउने । नगरभित्र रहेका विभिन्न एतिहासिक तथा सांस्कृतिक महत्वका धरोहरको लगत राख्ने ।
११. उचित रेखदेख र संरक्षणका कार्यक्रम तयार गर्ने र विभिन्न सरकारी र गैर सरकारी सङ्घसंस्था, गुठी, धार्मिक समूह तथा समुदायसंग सहकार्य गरी संरक्षण र सुरक्षाको व्यवस्था मिलाउने,
१२. बैदेशिक रोजगारी सम्वन्धी रोजगार सूचना प्रणालीको स्थापना र प्रचार प्रसार गर्ने ।
१३. घरेलु तथा साना उद्योग एवं लघु उद्योगको विकासका कार्यक्रम तर्जुमा सहित उद्यमशीलता वा नव उद्यमशीलता सम्बन्धी प्रवर्द्धनका कामहरू गर्ने ।
१४. उद्योग व्यवसायलाई नियम अनुसार दर्ता गर्ने इजाजत अनुमति दिने नवीकरण गर्ने ।
१५. उद्योग, व्यवसाय, व्यापारको लगत तयार गर्ने गराउने ।
१६. उद्योग व्यवसाय, व्यापार, निर्माण व्यवसायको अनुगमन नियमन गर्ने गराउने ।
१७. गैससको उद्देश्य कार्य क्षेत्र समेत प्रष्ट हुने गरी विवरण पेश गर्न लगाई अभिलेख राख्ने राख्न लगाउने ।
१८. स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा २ (ख) अनुसारका कार्य गर्ने गराउने ।
१९. समुदायमा सिपमुलक, आयआर्जन तथा आर्थिक उपार्जनका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने तथा वित्तिय कारोवारमा सहजीकरण गरीदिन वित्तिय संस्थाहरुसंग समन्वय राख्ने ।
२०. सहकारी संस्थाको स्थानीय नीति, कानून, मापडण्डको निर्माण कार्यान्वयन र नियमन गर्ने ।
२१. सहकारी संस्थाको सम्पूर्ण विवरण तथ्याङ्क, अवस्था आदि सम्बन्धित निकायबाट प्राप्त गरी व्यवस्थित
२२. अभिलेख राख्ने / लगाउने ।
२३. विकासका लागि कार्यक्रम तर्जुमा गर्ने ।
२४. बजार व्यवस्थापन गर्ने । अनुगमन तथा नियमन गर्ने ।
२५. उद्योगहरुको लगत तयार गर्ने र नियमन गर्ने ।
२६. घरेलु तथा साना उद्योग एवं लघु उद्योगको विकासका कार्यक्रम तर्जुमा सहित उद्यमशीलता वा नव उद्यमशीलता सम्बन्धी प्रवर्द्धनका कामहरू गर्ने ।
२७. समुदायमा सिपमुलक, आयआर्जन तथा आर्थिक उपार्जनका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने तथा वित्तिय कारोवारमा सहजीकरण गरीदिन वित्तिय संस्थाहरुसंग समन्वय राख्ने ।

**(५) सामाजिक विकास शाखा**

१. प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक
२. शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून,

३. मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने ।
४. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन गर्ने ।
५. परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने ।
६. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।
७. स्थानीय स्तरको पाठक्रम निर्माण र कार्यान्वयन गर्ने ।
८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा गर्ने । सञ्चालन, अनुमति र नियमन गर्ने ।
९. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण गर्ने ।
१०. युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने ।
११. नगरस्तरीय खेलकूदको विकास र प्रवद्र्घन, समन्वय गर्ने ।
१२. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।
१३. राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने ।
१४. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।
१५. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने ।
१६. पन्ध्र बेडसम्मको अस्पताल संचालनका लागि स्वीकृत दिने । औषधि पसल सञ्चालन र नियमन गर्ने ।
१७. स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गर्ने ।
१८. प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरुस्थापनात्मक,प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापन गर्ने ।
१९. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन गर्ने
२०. आफ्नो शाखाको लागि आवश्यक बजेट तयार गरी आर्थिक प्रशासन शाखामा पठाउने ।
२१. आफ्नो शाखासंग सम्बन्धित सम्पूर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने ।
२२. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी गर्ने ।
२३. महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन गर्ने ।
२४. आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र मुलप्रवाहिकरण गर्ने ।
२५. लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
२६. बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल बनाउने ।
२७. असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्ने ।
२८. बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति र नियमन गर्ने ।
२९. बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
३०. आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यकहरुको हित प्रर्वधन सम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
३१. गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन गर्ने ।
३२. गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र नियमन गर्ने । सामाजिक सुरक्षा सम्बन्धि नीति कानुन मापदण्ड नियमन गर्ने
३३. कार्यालय प्रमुखले तोकिदिएका अन्य कार्यहरु गर्ने ।
३४. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धी कामको लागि कार्यशर्त तयारी गर्ने ।
३५. आफ्नो शाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धी फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने ।
३६. आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन गर्ने ।
३७. आफ्नो शाखाको लागि आवश्यक बजेट तयार गरी आर्थिक प्रशासन महाशाखामा पठाउने ।
३८. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको महाशाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।
३९. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी गर्ने ।

**(५.१) शिक्षा तथा खेलकुद उपशाखा**

१. आधारभूत शिक्षा सम्बन्धी स्थानीय कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।
२. नगर स्तरीय शैक्षिक योजना निर्माण गरी कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने तथा स्वीकृत योजना कार्यान्वयन गर्ने ।

३. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र व्यावसायिक शिक्षा, सम्बन्धित कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

४. सामुदायिक, संस्थागत, गुठी, मदरसा र सहकारी विद्यालय स्थापना, अनुगमन, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने ।

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने ।

६. स्थानीय पाठ्यक्रम तथा मातृभाषामा शिक्षा सम्बन्धी काम गर्ने ।

७. विद्यालयहरूको सम्पत्ति नियमन गर्ने । संरक्षण र व्यवस्थापन गर्ने । गराउने।

८. नगर शिक्षा समिति गठन तथा व्यवस्थापन गर्ने गराउने ।

९. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन तथा व्यवस्थापन गर्ने गराउने ।

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्री वितरण व्यवस्थापन सम्बन्धी काम गर्ने ।

११. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापन गर्ने ।

१२. आधारभूत तथा माध्यमिक तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने ।

१३. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन गर्ने ।

१४. विद्यालयको आयव्ययको लेखा परीक्षण गराउनका साथै विद्यालयमा अनुशासन कायम गर्नको लागि नियमित रुपमा अनुगमन र नियमन गर्ने ।

१५. एकिकृत सुपरिवेक्षण प्रणाली मार्फत विद्यालयको शैक्षिक भौतिक प्रशासनिक लगायत समग्र पक्षको सुधारको लागि पृष्ठपोषण सहितको कार्य गर्ने ।

१६. शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्य ।

१७. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।

१८. ट्यूसन, कोचिङ् शिक्षा विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने ।

१९. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र क्षमताको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने ।

२०. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

२१. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गर्ने गराउने ।

२२. भाषा संस्कृति (चाडपर्व, कला, उत्सव आदि) संरक्षण र प्रवर्द्धन गर्ने ।

२३. भाषा साहित्यको उत्थान विकासमा स्वीकृत नीति अनुसार प्रोत्साहन गर्ने गराउने ।

२४. शाखाको कार्यसम्पादनका लागि अन्य शाखासङ्गको सम्पर्क र समन्वय गर्ने ।

२५. विद्यालयको नक्साकंन, अनुमति, स्वीकृत समायोजन नियमन सम्वन्धी कार्य तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी दरवन्दि मिलान सम्वन्धी कार्य गर्ने ।

२६. शिक्षकको सरुवा बढुवा तथा पदस्थापन सम्वन्धी तोकिएको कार्य गर्ने ।

२७. शिक्षक प्रोत्साहन कार्यक्रम तथा पेशागत विकास सम्वन्धी कार्य गर्ने गराउने ।

२८. नगर कार्यपालिकाबाट स्वीकृत तथा संघीय एवम् प्रदेश सरकारबाट हस्तान्तरित शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

२९. प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता सम्वन्धी अध्ययन अनुसन्धान गर्ने तथा सो अनुसारको शिक्षाको लागि प्रवर्द्धनात्मक कार्य गर्ने ।

३०. विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम नियमित रुपमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

३१. विद्यालय तथा शिक्षा सम्वन्धी सूचना सम्प्रेषण एवम् शैक्षिक अभिलेख व्यवस्थापन गर्ने ।

३२. नगरपालिकाको शैक्षिक गुणस्तर विकासको लागि सम्वन्धित निकायसँग समन्वय गरी कार्य गर्ने गराउने |

३३. युवाहरुको सीप बिकास सम्बन्धि नीति निर्माण तथा कार्यन्वयन गर्ने |

३४. यूवा परामर्श तथा लागु पदार्थ दुर्व्यसनी न्यूनिकरण सम्वन्धी नीति निर्माण र कार्यान्वयन गर्ने ।

३५. नगर खेलकुद विकास समितिलाई सकृय बनाई खेलकुद विकास सम्वन्धी नीति निर्माण र कार्यान्वयन गर्ने।

३६. नगर भित्रका खेलकुद मैदानहरु थप व्यवस्थित स्तरोन्नतीको लागि आवश्यक कार्य गर्ने गराउने ।

३७. स्वस्थ जीवनका लागि खेलकुद भन्ने मूल उद्धेश्यका साथ नियमित रुपमा विद्यालय, वडा तथा आवश्यकता अनुसार नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने गराउने

३८. स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने गराउने

३९. स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय गर्ने गराउने
४०. खेलकुदको विकास र प्रवर्द्धन गर्ने गराउने
४१. खेलकुद प्रतियोगीता आयोजना र सहभागीता गर्ने गराउने
४२. खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्ने गराउने

**(५.२ ) जनस्वास्थ्य उपशाखा**

१. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी कानून, मापदण्ड, योजनाको तर्जूमा, कार्यान्वयन तथा नियमन गर्ने ।
२. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन व्यवस्था गर्ने ।
३. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने ।
४. औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन गर्ने गराउने ।
५. आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी योजनाको तर्जूमा, कार्यान्वयन तथा नियमन गर्ने ।
६. आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने ।
७. सरसफाई सचेतनाको अभिबृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन गर्ने ।
८. स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनर्उपयोग, प्रशोधन र सोको सेवा शुल्क निर्धारण र नियमनमा समन्वय गर्ने ।
९. रक्त सञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा सञ्चालन गर्ने ।
१०. परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुगमन तथा नियमन गर्ने ।
११. महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्ने ।
१२. खोप क्लिनिक संचालन व्यवस्था गर्ने ।
१३. परिवार नियोजन स्थायी परामर्श, अस्थायी सामग्रीको वितरण गर्ने ।
१४. प्राथमिक उपचार, झाडा पखला, निमोनिया जस्ता सरुवा रोगहरुको नियन्त्रणको व्यवस्था गर्ने ।
१५. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य, गर्भवती महिलाको स्वास्थ्य परीक्षण, गृह प्रसुती सेवा उपलब्ध गराउने ।
१६. क्षयरोग तथा कुपोषित रोग सम्बन्धी जनचेतना कार्यक्रम तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।
१७. सडे गलेका बासी फलफुल, रोगी वा निषेधित जीवजन्तुको मासु र गुणस्तरविहिन खाद्य पदार्थको बिक्री वितरणमा रोक लगाउन आवश्यक व्यवस्था मिलाउने ।
१८. शाखा अन्तर्गत रहने उपशाखा, एकाइ तथा वडा कार्यालयहरुको प्रशासकीय नियन्त्रण गर्ने ।

**<u>आधारभूत स्वास्थ्य सेवा</u> मातृ शिशु तथा खोप <u>केन्द्र, </u>स्वास्थ चौकी,ब्लड बैंक ,बकुलहर रत्ननगर अस्पताल**

१. आकस्मिक प्राथमिक उपचार सेवाको ब्यवस्था गर्ने ।
२. स्थानीय तहमा आधारभूत स्वास्थ्यकेन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेखित आधारभूत खोप, पोषण, परिवार नियोजन, स्वास्थ्य प्रबर्द्ध सम्बन्धी सेवा उपलब्ध गराउने ।
३. स्वास्थ्य सेवा शाखाको निर्देशन अनुसार स्वास्थ्य सम्बन्धी सेवाहरु र संचालित
४. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा सहयोग एवम समन्वय गर्ने ।
५. रगतको ब्यबस्थापन गर्ने
६. आधारभूत खोप, पोषण, परिवार नियोजन, स्वास्थ्य प्रबर्द्धन सम्बन्धी सेवा उपलब्ध गराउने ।
७. बिपन्न नागरिक कोषको ब्यबस्थापन गर्ने
८. स्वास्थ सम्बन्धि सेवाहरु र संचालित स्वास्थ सम्बन्धित कार्यक्रमहरुमा सहयोग गर्ने
९. खोप क्लिनिक संचालन व्यवस्था गर्ने ।
१०. परिवार नियोजन स्थायी परामर्श, अस्थायी सामग्रीको वितरण गर्ने ।
११. प्राथमिक उपचार, झाडा पखला, निमोनिया जस्ता सरुवा रोगहरुको नियन्त्रणको व्यवस्था गर्ने ।
१२. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य, गर्भवती महिलाको स्वास्थ्य परीक्षण, गृह प्रसुती सेवा उपलब्ध गराउने ।

**(५.३ ) महिला वालवलिका तथा समाज कल्याण उपशाखा**

१. महिला हिंसा हुन नदिन जनचेतना जगाई सम्बद्ध निकायसँग समन्वय र सहकार्य गरी नियन्त्रण गर्ने गराउने ।
२. बृद्धबृद्धा, असहाय अपांगको सुव्यवस्था गर्ने (आश्रम, बृद्धाश्रम आदि), संचालित आश्रमहरुको सुव्यवस्था अनुगमन र नियमन गर्ने ।
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी नीति निर्माण गर्न सहयोग गर्ने ।

४. गैरसरकारी संघ संस्थाहरुसंग समन्वयमा सीमान्तकृत समुदायको सामाजिक, आर्थिक विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी वढाउने, ।
५. वडा विकासका कार्यक्रमहरु तथा लक्षित समूहसंग सम्वन्धित कार्यक्रमको सञ्चालन समन्वय गर्ने ।
६. मासिक, चौमासिक र बार्षिक प्रतिवेदन समयमानै सम्बन्धित शाखा तथा निकायमा पठाउने ।
७. इकाई अन्तर्गतका कर्मचारीहरुको कार्य विवरण र कार्य सम्पादन सूचक तयारी गर्ने । कार्य वातावरणको सिर्जना, कार्य सम्पादनमा सहयोग, अनुगमन, निरीक्षण एवं मूल्याङ्कन गरी सुझाव तथा पृष्ठपोषण गर्ने ।
८. महिलाको विकास, सचेतना र आर्थिक उपार्जनको सम्बन्धी तालिम, गोष्ठी र प्रचारप्रसार सम्बन्धी काम गर्ने ।
९. महिला हिंसाविरुद्धको अभियानलाई सघाउ पुर्याउने विभिन्न कार्यक्रमहरु गर्ने गराउने ।
१०. बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण र  कार्यान्वयन गर्ने ।
११. महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने ।
१२. लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने ।
१३. बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेट निर्माण गर्न सहजिकरण गर्ने । स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरु गर्ने ।
१४. बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धित कार्यहरु गर्ने । बाल सञ्जाललाई सबलिकरण, बाल न्याय प्रवद्र्धन गर्ने ।
१५. असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
१६. बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने । सडक बालबालिकाको व्यवस्थापन गर्ने । बालमैत्री सुशासन सम्बन्धी कार्यहरु गराउने ।
१७. ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्यमा सहजिकरण गर्ने ।
१८. ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
१९. सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापनमा सहजिकरण गर्ने ।
२०. अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा
२१. तथा सुविधाकोव्यवस्थापन तथा वितरण सम्बन्धी कार्य गर्ने ।
२२. अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गर्न पहलकदमी गर्ने ।
२३. एकल महिलालाई लक्षित गरी सहयोग पुग्ने कार्यको पहिचान गर्ने ।
२४. सामाजिक सुरक्षा कार्यक्रमको  व्यवस्थापन गर्ने । सञ्चालन, अभिलेख व्यवस्थापन र प्रतिवेदन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्धारण गर्ने ।
२५. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले तोकेको शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।
२६. कार्यालय प्रमुख र शाखा प्रमुखले तोकिदिएका अन्य कार्यहरु  गर्ने ।

**(६) वडा कार्यालयहरू (१६ वटा)**

१. वडा भित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ, मन्दिर, गुम्बा, मस्जीद, देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी, तलाउ, इनार, कुवा, धारा आदिको लगत राख्ने तथा संरक्षण गर्न नगरपालिकालाई सहयोग गर्ने।
२. वडा भित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, धारा, बहाल, मठ, मन्दिर, गुम्बा, मस्जीद, देवस्थल आदि सफासुग्घर राख्ने व्यवस्था मिलाउने ।
३. वडा भित्रको फोहरमैला र सडेगलेका वस्तुहरू फ्याँक्ने, चोक र गल्ली सफा राख्ने । राख्न लगाउने तथा सरसफाइको लागि वडाबासीहरूलाई अभिप्रेरित गर्ने व्यवस्था मिलाउने ।
४. वडा भित्रको नहर, कुलो, पैनी आदिको हेरविचार गर्ने ।
५. वडा भित्रको पर्ती जग्गामा बृक्षारोपण गर्न र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।
६. वडामा रहेका अस्पताल, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, बिद्यालय, वाल उद्यान तथा पुस्तकालय/वाचनालयको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
७. वडाभित्र छाडा भई हिंडेका चौपायाहरू पक्राउ गरी सम्बन्धित निकायमा बुझाउने ।
८. वडा भित्रको गल्ली तथा सडकमा विजुली बत्तीको प्रवन्ध गर्ने ।

९. वडा क्षेत्र भित्रका पर्यटकीय स्थलहरूको खोज/ संरक्षण/ सम्वर्धन /सदुपयोग गर्ने वातावरण सिर्जना गर्ने।
१०. वडा समितिको आय र व्ययको हिसाव तथा अन्य कागजातहरू सुरक्षित राख्ने ।
११. वडा भित्र सुपथ मूल्यमा खाद्यान्न तथा अन्य आवश्यक वस्तुको बिक्रिको लागि नगर कार्यपालिकालाई सहयोग पुऱ्याउने ।
१२. वडा भित्र खेलकूद विकासको लागि खेलकूदका सामानहरू वितरण गर्ने र भाषा, संस्कृतिको विकासको लागि कला, नाटक तथा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्न सहयोग गर्ने ।
१३. वडामा अशक्त विरामी भएको वेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याउने औषधोपचारको व्यवस्था मिलाउने ।
१४. वडामा कुनै असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह/संस्कारको व्यवस्था मिलाउने ।
१५. वडाका वालवालिकाहरूलाई वि.सि.जि., पोलियो खोपको व्यवस्था गर्ने तथा सरुवा रोगको रोकथामको व्यवस्था गर्ने ।
१६. वडा बासीहरूलाई व्यक्तिगत घटना दर्ता गर्न उत्प्रेरित गर्ने र पञ्जिकाधिकारीको जिम्मेवारी निर्वाह गर्ने।
१७. नगरबासीहरूको चेतनास्तर उकास्न विभिन्न क्रियाकलाप गर्न सहयोग गर्ने ।
१८. वडा भित्रको पर्ती जग्गा, प्राचीन स्मारक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदाहरूको संरक्षण गर्न सहयोग गर्ने ।
१९. लोक संस्कृति एवं मौलिकता झल्किने सांस्कृतिक नाच, गीत तथा भजन समेतलाई निरन्तरता दिन नगर कार्यपालिकालाई सहयोग गर्ने ।
२०. वडा भित्रका पिछडिएका जनजाति, विधवा, एकल महिला, असहाय, अपाङ्ग तथा वेवारिस व्यक्तिहरूको संरक्षण र जीविकोपार्जन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।
२१. वडा समितिका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने ।
२२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित अन्य कानूनले वडा कार्यालयले गर्ने भनिएका सबै कार्यहरू गर्ने/गराउने ।
२३. वडा कार्यालयलाई निर्दिष्ट गरिएका एवं नगर सभा वा नगर कार्यपालिकाले दिएको निर्देशन तथा आदेश बमोजिमका अन्य कार्यहरू गर्ने ।
२४. उपयुक्त कार्य, जिम्मेवारी निर्वाह गर्ने क्रममा वडा समितिका पदाधिकारीहरूको निकट सम्पर्क र समन्वयमा रहने ।
२५. वडा समितिबाट निर्णय गराउनु पर्ने बिषयहरूका सन्दर्भमा वडा समितिबाट निर्णय भए अनुसार कार्य गर्ने ।
२६. वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा रहने वडा सचिवको काम, कर्तव्य र अधिकारहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ मा उल्लेख भएका

(क)योजना तर्जुमा गर्ने । कार्यान्वयन तथा अनुगमन
(ख)तथ्याङ्क अद्यावधिक तथा संरक्षण
(ग) विकासका क्षेत्रगत कार्यहरु
(घ) नियमन कार्य
(ङ) विभिन्न सिफारिस एवम् प्रमाणीकरण सम्बन्धी काम कर्तव्य र अधिकार कार्यान्वयन गर्न आवश्यक कार्यहरु,

**द्रष्टव्यः**

उल्लिखत बाहेक नगरकार्यपालिकाको कार्यालय तथा प्रचलित कानूनले वडा सचिवले गर्नुपर्ने भनी तोकिएका वा किटान भएका कार्यहरु थप समावेश गर्न सकिनेछ ।

**घ) निकायबाट प्रदान गरिने सेवा**

क. नगर प्रहरी सेवा
ख. सहकारी संस्था सेवा
ग. एफ.एम. सञ्चालन सेवा
घ.स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सेवा
ङ. स्थानीय सेवाको व्यवस्थापन सेवा
च. स्थानीय तथ्याङ्क र अभिलेख संङ्कलन सेवा
छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सेवा
ज. आधारभूत र माध्यमिक शिक्षा सेवा

झ. आधारभूत स्वास्थ्य र सरसफाइ सेवा
ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सेवा
ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ सेवा
ठ. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सेवा
ड. स्थानीय अभिलेख व्यवस्थापन सेवा
ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सेवा
ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी सेवा
त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सेवा
थ. बेरोजगारको तथ्याङ्क संकलन सेवा
द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सेवा
ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सेवा
न. विपद् व्यवस्थापन सेवा
प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सेवा
फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सेवा

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

**) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| क्र.स. | कर्मचारीको नामथर | पद | मोबाइल नं. | कार्यरत शाखा/जिम्मेवारी |
|---|---|---|---|---|
| १ | श्री प्रकाश खनाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१४१११ | कार्यालय प्रमुख |
| २ | श्री नारायण प्रसाद वाग्ले | अधिकृत दशौं | ९८४७६३१७०३ | शिक्षा, यूवा तथा खेलकूद |
| ३ | श्री दिपा घिमिरे शर्मा | म.वि.अ.आठौं | ९८४५०८५३८० | महिला वालवालिका तथा जे.ना. शाखा |
| ४ | श्री प्रदिप पौडेल | अधिकृत सातौं | ९८६१५७८९७५ | आर्थिक प्रशासन शाखा |
| ५ | श्री प्रवीन लामा | व.कृ.वि.अ.आठौं | ९८४५८१७०१३ | कृषि बिकास शाखा |
| ६ | श्री माधव प्र. पौडेल | ज.स्वा.अ.सातौं | ९८५५०५२५५१ | स्वास्थ्य शाखा |
| ७ | श्री सविता अर्याल | वरिष्ठ अधिकृत आठौं | ९८५५०९२२०२ | कर्मचारी प्रसाशन शाखा |
| ८ | श्री अर्जुन पगेनी | अधिकृत छैठौं | ९८४५०५६८२३ | सहकारी,उधोग,पर्यटन शाखा |
| ९ | श्री प्र काशचन्द्र ढुङ्गाना | इन्जिनियर छैंठौं | ९८५५०८१६२९ | भुमि व्यवस्थापन तथा नियमन उपशाखा |
| १० | श्री डा. अनुष्का राजभण्डारी | पशु चिकित्सक, अधिकृत आठौं | ९८६७०१३०७८ | पशुपंक्षि बिकास शाखा |
| ११ | श्री दिनेश चौधरी | राजश्व शाखा प्रमुख अधिकृत सातौं | ९८१५७८९७५ | राजस्व शाखा |
| १२ | श्री राजेश गुरुङ्ग | अधिकृत छैठौं | ९८४५०२३२१४ | आ.ले.प. शाखा |
| १३ | श्री रमेश लाल ताम्राकार | अधिकृत छैठौं | ९८५५०८२३१६ | योजना तथा अनुगमन शाखा |
| १४ | श्री नमेश गुरुङ्ग | प्राविधिक अधिकृत छैठौं | ९८५५०५२८५९ | पुर्वाधार बिकास शाखा |
| १५ | श्री विश्वास श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर | ९८४५१४०१२४ | बन वातावरण उपशाखा |
| १६ | श्री सुजन अर्याल | सूचना प्रविधि अधिकृत | ९८४५२२१२२२ | सूचना प्रविधि शाखा |
| १७ | श्री देव प्रसाद पौडेल | अधिकृत छैठौं | ९८४५४०७९२७ | कानुन तथा न्याय प्रवर्दन शाखा |
| १८ | श्री डिम्मेश्वरी पौडेल | अधिकृत छैठौं | ९८५५०१८५२२ | जिन्सी शाखा |
| १९ | श्री राम प्र.वस्ताकोटी | सहायक पाँचौं | ९८४१६५१२०८ | सामाजिक सुरक्षा तथा पंजिकरण शाखा |

| क्र.सं. | उपलब्ध हुने सेवाहरु | आवश्यक कागजात प्रमाणहरु | लाग्ने दस्तुर/ सेवा शुल्क | लाग्ने समयावधि |
|---|---|---|---|---|
| १ | घर नक्सा पास तथा निर्माण इजाजत प्राप्त गर्न | १. घर नक्सा निवेदन सहितको तोकिएको किताब<br>२. मालपोत वा सम्पत्ती कर तिरेको रसिद<br>३. घर बन्ने जग्गाको लालपूर्जाको प्रतिलिपी<br>४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>५. पासपोर्ट साईजको २ प्रति फोटो<br>६. निर्माण गरिने घरनक्साको Architectural / Structural नक्सा ३ सेट<br>७. डिजाइनरको अनुमति/नबिकरण पत्रको प्रतिलिपि<br>८. प्रमाणित चार किल्ला प्रतिलिपि र नक्सामा नभएको तर फिल्डमा भएमा वडा कार्यालय बाट बाटो भएको भन्ने किटानी सिफारीस<br>९.कित्ता नम्बर स्पष्ट भएको प्रमाणित ब्लु प्रिन्ट र कम्प्युटर नापी नक्शा<br>१०. अन्य ब्यक्तिको जग्गामा घर बनाउने भएमा वडा अध्यक्षको रोहवरमा गरीएको मञ्जुरीनामाको सक्कल प्रति | घरको क्षेत्रफल र प्रयोजन अनुसार<br>**RCC घरको लागी** रु ६देखि रु १० प्रति बर्गफिट<br>जस्ताको छानो भएको घरको लागी रु ३ देखि रु ६ प्रति बर्ग फिट | ३५ दिन |
| २ | पुरानो घरको नक्शा पास अभिलेखिकरण | १. घर नक्सा निवेदन सहितको तोकिएको किताब<br>२. जग्गाधनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि<br>३. चालु आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि<br>५. कित्ता नम्बर स्पष्ट भएको नापी नक्साको प्रमाणित प्रतिलिपि<br>६. प्रमाणित चार किल्ला<br>७. घरको स्पष्ट रंगिन फोटो<br>८. अभिलेखको लागि मञ्जुरीनामाको हकमा नगरपालिकाको रोहवरमा मञ्जुरीनामा गरेको पत्र र मञ्जुरीनामा लिने दिने दुवैको नेपाली नागरिकताको प्रमाण पत्रको एक एक प्रति प्रतिलिपि | घरको क्षेत्रफल र प्रयोजन अनुसार<br>**RCC घरको लागी** रु ६देखि रु १० प्रति बर्गफिट<br>जस्ताको छानो भएको घरको लागी रु ३ देखि रु ६ प्रति बर्ग फिट | ३५ दिन |
| ३ | बाटो लगतकट्टा सिफारिस | १. निवेदन<br>२. सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिस<br>३. जग्गा धनी पुर्जाको प्रतिलिपि<br>४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>५. अमिनको प्रतिवेदन<br>६. प्रमाणित नापि नक्शा<br>७. सम्पत्ति कर तिरेको रसिद<br>८. अंशवण्डा प्रयोजनका लागी लगतकट्टा गर्नु परेमा अशिंयारहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>९. नगरपालिका बाट स्विकृत भुउपयोग नीति र मापदण्ड अनुरुप हुनुपर्ने | प्रति कित्ता रु ५०० | १५ दिन |
